# परिच्छेद एक परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

गुणस्तरीय शिक्षाको लागि प्रभावकारी शिक्षण हुनु आवश्यक छ। त्यसकारण शिक्षण कार्यमा सम्लग्न शिक्षक दक्ष एवं क्षमतावान् हुन पर्दछ। निपूर्ण शिक्षक बन्नका लागि तालिम अपरिहार्य छ। तालिम भनेको एउटा साधन हो, जसबाट कुनै पनि व्यक्तिले आफूमा भएको ज्ञान, सीप र अभिवृत्ति परिस्कृत गर्न वा पुनर्ताजगीको लागि आफूमा भएको कमजोरी हटाउन आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ। तालिम भन्नाले कुनै विषय वा काममा व्यवस्थित रूपले दिइने सीपमूलक शिक्षा हो।

तालिम भनेको पेशागत दक्षता अभिवृद्धि गर्ने सीपमुखी प्रभावकारी शिक्षा हो। तालिम एउटा पद्धति हो। यो पद्धतिमा तालिमको आवश्यकता पहिचान देखि अन्तिम उपलब्धि समेतको लेखाजोखा समावेश गरिएको हुन्छ। गणितीय  रूपमा भन्नुपर्दा कुनैपनि व्यक्तिमा हुनुपर्ने निर्दिष्ट ज्ञान, सीप र अभिवृत्ति तथा उसमा विद्यमान ज्ञान, सीप र अभिवृत्ति विचको अन्तर नै तालिम हो (अधिकारी,२०६२ पृ.२९८)।

एउटा निपूर्ण शिक्षकमा समय र परिस्थिति अनुरूपको नवीनतम् प्रविधि, स्रोत, सामग्री, ज्ञान, विज्ञान, बालमैत्री व्यवहार, सामाजिक माग र आवश्यकता अनुरूप शिक्षण गर्ने कला, शिक्षा मनोविज्ञान, शिक्षा दर्शन अनुकूल शिक्षण गर्ने दक्षता,पाठ्यक्रम,सिकाई सम्वन्धी आधारभूत सिद्धान्तहरु र नवीनतम् शिक्षण विधि एवं मूल्याङ्कन पद्धति सम्बन्धी ज्ञान हुन आवश्यक छ। जुन कुरा प्रभावकारी शिक्षक तालिमबाट प्राप्त हुन्छ।

नेपालमा शिक्षक तालिमको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा वि.सं. २००४ जेठ २ गते आधार शिक्षा शिक्षक तालिम केन्द्र, सन् १९५४ सेप्टेम्बर ९ मा राष्ट्रिय शिक्षक तालिम केन्द्र, शिक्षक शिक्षण केन्द्र/नर्मल स्कूल सन् १९५६, प्राथमिक स्कूल शिक्षण केन्द्र सन् १९६४, महिला शिक्षक तालिम शिक्षा शास्त्र अध्ययन संस्थानअन्तर्गत वि.सं. २०२७-२८ मा,युनिसेफको सहयोगमा दूर्गम क्षेत्र शिक्षक तालिम कार्यक्रम (सन् १९७९) जुम्लामा, शिक्षा शास्त्र अध्ययन संस्थान अन्तर्गत युनिसेफको सहयोगमा दूर सिकाइ (सन् १९७१) मा, रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम १९७८ मा, यू.एस./एड् को आर्थिक सहयोगमा स्थलगत शिक्षक तालिम कार्यक्रम सन् १९७२-७४ सम्म स्थापना भई शिक्षक तालिम प्रदान गर्दै आइरहनुका साथै तालिमसँग सम्बन्धित परियोजनाहरू सेती अञ्चलको ग्रामिण विकासको निम्ति शिक्षा परियोजना (सन् १९८१-८७), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (सन्

१९८०-१९९२), प्राथमिक शिक्षा परियोजना (सन् १९९२-२०००) र शैक्षिक जनशक्ति विकास केन्द्र वि.सं. २०५० सालमा स्थापित भई हालसम्म विभिन्न किसिमका तालिमहरू सञ्चालन गरिहेका छन् (शिक्षा विभाग, २०६१)।

तालिम, शिक्षा र विकासका माध्यमबाट शिक्षाको गुणस्तर वृद्धि गर्न नेपालमा सञ्चालित तालिम केन्द्र तथा तिनीहरूका कार्यक्रम, उद्देश्य एवं कार्यहरू यस प्रकार रहेका छन् ।

शिक्षक तालिमको सुरुवात सबैभन्दा पहिले युरोपबाट भएको थियो । प्रसिया अफ अगस्ट हर्मन ले सन् १७०४ मा प्राथमिक विद्यालय तहका शिक्षकहरूलाई तालिम दिनका लागि सेमिनारियम नामक संस्थाको स्थापना गरी सीपमूलक शिक्षा पाठ्यक्रममा समावेश गरी ३ वर्षसम्म तालिम दिएको पाइन्छ । अमेरिकामा नर्मल स्कूलको स्थापना गरी नर्मल ट्रेनिङ दिन विश्वमा अन्य देशमा क्रमशः लागू गर्दै आएको देखिन्छ (खत्री,२०६२)।

नेपालमा आधुनिक शिक्षक तालिमको सुरुवात पद्म शम्शेर (वि.स.२००२-२००५) को पालादेखि भएको देखिन्छ । आधार शिक्षा शिक्षक तालिम केन्द्र को स्थापना वि.सं.२००४ साल जेठ १० गतेका दिन भएको थियो । जुन गान्धीको शैक्षिक दर्शनमा आधारित थियो । यसमा बुनियादी शिक्षा (बुनाई, धागो कटाई, रङ्गाई, सिकाइ, कृषि र काष्ठकार्य) क्रियाकलापमा आधारित भएर अध्यापन गरिन्थ्यो । यो अन्तमा वि.सं. २०१० सालदेखि बन्द भयो (खड्का,२०५६)।

आधार शिक्षा शिक्षक तालिम केन्द्र बन्द भएपश्चात सम्पूर्ण शिक्षकहरूलाई तालिम दिनका लागि सन् १९५४ सेप्टेम्बर ९ मा राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना भयो । सो तालिम केन्द्रको अवधि सुरुमा ३ महिना, १ वर्ष पछि ६ महिना गरियो । पछि गएर कक्षा ८ उत्तीर्ण हुनेहरूलाई १ वर्ष, अनुत्तीर्ण हुनेहरूलाई २ वर्ष तालिम अवधि कायम गरी पहिलो वर्षमा अध्यापन गराउने विषयहरूमा र दोस्रो वर्ष शिक्षण विधि सम्बन्धमा प्रशिक्षण दिइन्थ्यो (मल्ल,२०५४)।

नेपालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन सन् १९५४ मा उल्लेख भएका सुझाव मुताविक सन् १९५६ मा कलेज अफ एजुकेशनको स्थापना गरिएको थियो। जस अन्तरगत नर्मल स्कूल विभाग रहेको र यसको मूख्य उद्देश्य देशको सुगम तथा दुर्गम स्थानमा सञ्चालित प्राथमिक विद्यालयहरूका लागि चाहिने तालिम प्राप्त शिक्षकहरू प्रदान गर्नु थियो (मल्ल,२०५४) ।

सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ को सुझावअनुसार सन् १९६४ मा प्राथमिक स्कूल शिक्षक शिक्षण केन्द्रको स्थापना भयो, यस अन्तर्गत नेपाल अधिराज्यमा धरान, काठमाण्डौ, पोखरा, पाल्पा र वीरगञ्जमा गरी ५ वटा तालिम केन्द्रहरू सञ्चालन भए (मल्ल, २०५४) ।

महिलाहरूलाई शिक्षण पेशामा आकर्षित गरी सीप, दक्षता अभिवृद्धि गर्ने उद्देश्यले युनिसेफको सहयोगमा वि.सं.२०२८ सालमा ए लेभल र बी लेभल गरी दुई प्रकारले तालिम दिन महिला शिक्षक तालिम केन्द्र स्थापना भएको थियो (अधिकारी,२०६२) ।

दुर्गम क्षेत्र शिक्षक तालिम कार्यक्रम युनिसेफको आर्थिक सहयोगमा मध्यपश्चिमी हिमाली क्षेत्रमा कार्यरत रहेका प्रथमिक तहमा शिक्षक हुन न्यूनतम योग्यता पुगेका तथा नपुगेका तालिम अप्राप्त शिक्षकहरूलाई तालिम दिन २०३८ सालबाट सुरु गरेको थियो । यसको कूल समायवधि ४ वर्षको थियो (खत्री,२०६२)।

सन् १९७१ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपश्चात शिक्षाशास्त्र अध्ययन संस्थानले विभिन्न प्रकारका सेवाकालीन शिक्षक तालिमहरूको साथै दूर सिकाइ कार्यक्रमहरू सञ्चालिन पनि गरेको थियो । यसमा शिक्षक घरमै बसेर तालिम स्वाध्ययन सामग्री अध्ययन र सम्पर्क कक्षामा सहभागी भएर तालिम लिन सक्ने व्यवस्था मिलाइएको थियो । रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम सन् १९७८ मा यू.एस./एड्को आर्थिक सहयोगमा शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत सञ्चालन भएको थियो । यस कार्यक्रमबाट प्राथमिक शिक्षकहरूलाई १५० घण्टे आधारभूत प्राथमिक शिक्षक तालिम दिइएको थियो । तालिम अप्राप्त शिक्षकहरूलाई कम लागतमा तालिम लिई शिक्षण सिकाइ प्रभावकारी बनाउन बि.सं.२०५० श्रावण १ गते दूर शिक्षा केन्द्रको रूपमा स्थापना गरिएको थियो । यस तालिम केन्द्रको प्रमुख उद्देश्य विद्यालयमा कार्यरत एस.एल.सी. उत्तिर्ण तालिम अप्राप्त शिक्षकहरूलाई रेडियोको माध्यमबाट १० महिने प्राथमिक शिक्षक सेवाकालीन तालिम दिने रहेको थियो (अधिकारी,२०६२)।

सेती अञ्चलको ग्रामिण विकासको निम्ति शिक्षा परियोजना ग्रामिण तथा दुर्गम क्षेत्रका जनताहरूको जीवनस्तर उकास्न सेती अञ्चलका ५ वटा जिल्लाहरूमा सन् १९८१ मा युनेस्को र यु.एन.डि.पी. को सहयोगमा कार्यान्वयनमा थियो (खत्री,२०६२) ।

वि.सं.२०४९ बाट प्रारम्भ भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले १५० घण्टे तालिम पूरा गरेका शिक्षकहरूलाई थप १८० घण्टे तालिम दिएर ३३० घण्टे

तालिमको रूपमा पहिलो चरण पूरा गर्ने कार्यक्रम ल्यायो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले गरेको सिफारिस बमोजिम वि.सं. २०५० सालमा स्थापना भएको शैक्षिक जनशक्ति विकास केन्द्रले हाल शिक्षक र शैक्षिक क्षेत्रका जनशक्तिलाई विभिन्न तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नुका साथै शैक्षिक क्षेत्रका अनुसन्धानात्मक एवं प्रयोगात्मक कार्यहरू गर्दै आएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र अन्तरगत ९ वटा शैक्षिक तालिम केन्द्र क, २० वटा शैक्षिक तालिम केन्द्र ख र ५ वटा तालिम उपकेन्द्र हरू हाल क्रियाशिल रहेकाछन् (शर्मा, २०६८ बाट उधृत) ।

अनुसन्धान र नयाँ प्रविधिका माध्यमबाट गुणात्मक शिक्षाको प्रत्याभूतिका लागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षणिक क्रियाकलापहरूको अभिवृद्धि गर्न सक्ने सक्षम र गतिशील जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने अन्तर्राष्ट्रिय स्तरमा पहिचान भएको आफूलाई स्थापित गर्ने शैक्षिक जनशक्ति विकास केन्द्रको दूरदृष्टि रहेको छ (शै.ज.वि.के.,२०६५)।

नेपाल सरकार र एशिलायली विकास बैंकको ऋण सहयोगमा सञ्चालित शिक्षक शिक्षा आयोजना प्रयोगमा आएपछि प्राथमिक शिक्षक सेवाकालीन र पूर्ण सेवाकालीन तालिम पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रम अन्तर्गत सेवाकालीन तालिमलाई ३ चरणमा बाँडिएको छ । आधारभूत चरण २.५ महिने, दोस्रो चरण ५ महिने र तेस्रो चरण २.५ महिने व्यवस्था गरिएको छ । पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम ५/५ महिने २ सेमेष्टरमा पूरा हुने गरी पाठ्यक्रमको व्यवस्था गरिएको छ (सेरिड,२००३) ।

शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रिय भूमिकामा रहेका शिक्षकहरूको पेशागत योग्यता एवं कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार बाट विगत ४ दशक जतिको योजनावद्ध प्रयासको फलस्वरूप २०६६ आश्विन भित्र सामुदायिक विद्यालयका स्वीकृत दरबन्दीमा कार्यरत ९८.२% सबै तहका शिक्षकलाई सेवाकालीन १० महिने तालिम प्रदान गरि सकिएको छ । शिक्षकको योग्यता एवं क्षमतालाई समयसापेक्ष रूपमा नवीकरण, सवलीकरण एवं अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीहको उपलब्धिस्तरमा सुधार ल्याउनु अनिवार्य शर्त रहेको विश्वव्यापी मान्यतालाई ध्यानमा राखी आ.व. २०६६/०६७ देखि प्रयोगमा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम ले शिक्षकको पेशागत विकास तालिम सञ्चालन गरि ५ वर्ष (आ.व. २०७०/०७१) भित्र १०/१० दिनका ३ वटा मोड्युलहरूमा सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई

सहभागी गराई पुन : १ महिने तालिम प्रदान गर्ने कार्यक्रमलाई प्रयोगमा ल्याइएको छ (शै.ज.वि.के. २०६६) ।

यसरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यमा प्रत्यक्ष एवं प्रमुख भूमिका निर्वाह गर्ने सामादायिक विद्यालयमा दरबन्दीमा कार्यरत लगभग शतप्रतिशत शिक्षक तालिम प्राप्त भईसकेको वर्तमान सन्दर्भमा शिक्षकहरूले तालिममा सिकेका ज्ञान, सीप र अनुभवलाई शिक्षणमा प्रयोग नगरेको, शैक्षिक गुणस्तर उकास्न नसकेको,सरकारी लगानी अनुरूपको प्रतिफल प्राप्त हुन नसकेको र सामुदायिक विद्यालय प्रति मानिसको आकर्षण घट्दै गएको भन्ने सर्वपक्षीय आलोचना भइरहेको वर्तमान अवस्थामा तालिम को प्रयोगको अवस्था लेखाजोखा गरी शिक्षक तालिमको प्रयोगमा देखा परेका मूलभूत समस्या पत्ता लगाउने र समाधानका उपायहरू खोजी गर्ने अभिप्रायले यो अध्ययन अघि बढाइएको छ ।

## १.२ समस्याको कथन

विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई पूर्ण तालिम प्राप्त बनाउने सरकारको योजना नीति तथा कार्यक्रम अनुरूप विभिन्न प्रकारका तालिम प्रदायक संस्थाहरूबाट लामो समयको अन्तरालमा शिक्षकहरूलाई सेवाकालीन, पुनर्ताजगी एवं छोटा अवधिका परिचयात्मक तालिमहरू र शिक्षक पेशागत विकास तालिम प्रदान गर्दै आएको र सामुदायिक विद्यालयमा कार्यरत ९८.२ % शिक्षक तालिम प्राप्त भइसकेको अवस्था विद्यमान छ (शै.ज.वि.के.,२०६६) । त्यसै गरी शिक्षण सेवामा प्रवेश गर्नका लागि अध्यापन अनुमती पत्र तथा अनिवार्य तालिम प्राप्त हुनु पर्ने कानुनी व्यवस्था छ । तालिम प्राप्त शिक्षकले नवीनतम शिक्षण प्रविधि, सिकाइ सिद्धान्त, बालमनोविज्ञान सम्बन्धी ज्ञान, बालमैत्री शिक्षण विधि, कक्षा व्यवस्थापन, सामग्रीको निर्माण र प्रयोग, पाठ्यक्रमको सही कार्यान्वयन, विभिन्न योजनाहरू निर्माण र प्रभावकारी मूल्याङ्कन सम्बन्धी ज्ञान र सीप हासिल गरेको हुन्छ । यस्ता ज्ञान, सीप र अनुभव हासिल गरेका सामुदायिक विद्यालयका शिक्षकहरुको शिक्षणमा तालिमको प्रयोगको अवस्था कस्तो छ लेखाजोखा गर्न उल्लेखित विषय चयन गरिएको छ ।

माथि उल्लेखित विषय सम्वन्धी ज्ञान र सीप भएका शिक्षकले शिक्षण गरेको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदै गएको भन्ने दोष तथा सर्वपक्षीय गुनासाहरू दिन प्रति दिन बढ्दै गएका छन् । विद्यालयका सरोकारवालाहरु तथा सञ्चार

माध्यमहरूले समेत गुणस्तर गिरेको कुरा प्रकाशमा ल्याएका छन् । विद्यार्थीको सिकाइउपलब्धि दर बढ्न नसकेको, सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न नसकेको, विद्यार्थीको सङ्ख्या घट्दो रूपमा रहेको विद्यार्थीको योग्यता अनुरूप दक्षता नभएको, परम्परागत ढङ्गले शिक्षण भइरहेको, तालिमको सहि सदुपयोग नभएको जस्ता दोषहरू शिक्षकमा लाग्ने गरेकाले पनि उल्लेखित विषयलाई समस्याको रूपमा हेरिएको छ ।

गुणस्तरीय शिक्षा हुनका लागि गुणस्तरीय शिक्षक, गुणस्तरीय स्रोत साधन, अनुकूल भौतिक एवं शैक्षिक वातावरण तथा असल व्यवस्थापन हुनु पर्दछ । शिक्षण गुणस्तरीय हुन नसक्नुका प्रमुख कारणहरू, शिक्षक दरबन्दी कम हुनु, कमजोर व्यवस्थापन, स्रोतसाधनको अभाव, विद्यार्थी उपस्थितिमा अनियमितता, प्रत्यक्ष मौद्रिक लगानी विनाको निःशुल्क शिक्षालाई कम महत्त्व दिइनु, शिक्षकमा लगनशीलता, सिर्जनशीलता र तत्परताको अभाव, तालिम प्राप्त शिक्षकले पेशागत दायित्व निर्वाह गर्न नसक्नु आदि प्रमुख समस्या हुन् । त्यसैले यो विषय समस्यामूलक रहेको र अध्ययन गर्न आवश्यक रहेको छ ।

तालिम प्राप्त शिक्षकमा कक्षा शिक्षणका सीपहरू, नेतृत्वदायी भूमिका निर्वाह गर्ने सीपहरू, व्यवस्थापन सीपहरू र पेशागत विकास सम्बन्धी विभिन्न सीपहरू सिकेको हुन्छ । ती सीपहरू के, कसरी र कति प्रयोग भएका छन् , कति भएका छैनन्  र किन भएका छैनन् तिनिहरूको खोजी गरी निराकरणका उपायहरू पत्ता लगाउन आवश्यक भएकाले यो विषय समस्यामूलक रहेको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय तहको शिक्षण पेशामा प्रवेश गर्न, अध्यापन अनुमती पत्र प्राप्त गर्न र बढुवा प्रयोजन समेतका लागि तालिम अनिवार्य हुनु पर्ने कानुनी व्यवस्था रहेको छ । शिक्षक बनिसकेका र शिक्षक हुन इच्छुक व्यक्तिहरू तालिमका प्रमाणपत्र लिनमा तल्लीन छन् । त्यसैगरी तालिमको गुणस्तरीयता एवं प्रभावकारिता अध्ययन भन्दा पनि सङ्ख्यात्मक स्तर वृद्धि र सैद्धान्तिक प्रशिक्षणमा सरकारी तथा तालिम प्रदायक संस्थाहरूको प्रयास केन्द्रित छ । तालिमको प्रयोगको प्रभावकारिता र तालिमको प्रयोगमा आइपरेका समस्या तथा समाधानका उपायबारे सम्बन्धित पक्षबाट स्थलगत रूपमा गहन अध्ययन, पृष्ठपोषण एवं परामर्श भइरहेको छैन । तसर्थ यो अध्ययनमा शिक्षकले प्राप्त गरेका तालिमको अवस्था वारे जानकारी, तालिम प्राप्त शिक्षकमा भएका ज्ञान, सीप र अनुभवहरूको प्रयोगको लेखाजोखा

तथा तालिमको प्रयोगमा आइपरेका समस्याहरू पत्ता लगाउने र समस्या समाधानका उपायहरू खोजी गर्ने प्रयास गरिने हुदा प्राज्ञिक क्षेत्रमा काम गर्ने शिक्षक, प्रशासक, निरीक्षक, सुपरिवेक्षक, नीति निर्माता, तालिम प्रशिक्षक र यस सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरूलाई सहयोग पुग्नेछ ।

यस अध्ययनले शिक्षक तालिमको प्रयोगमा देखापरेका विभिन्न समस्या तथा समाधानका बारेमा जानकारी दिने हुँदा स्थानीय अभिभावक, शिक्षक र व्यवस्थापन समितिलाई समेत व्यवस्थापन र उपयुक्त वातावरण सिर्जना गर्न तथा अनुगमन र सुपरिवेक्षण गर्न मद्दत पुरयाउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् ।

क) विद्यालयमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा गर्नु ।

ख) शिक्षक तालिमको प्रयोगमा देखा परेका समस्याहरू पत्ता लगाउनु ।

ग) शिक्षक तालिमको प्रयोगमा आइपरेका समस्या समाधानका उपायहरू खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनलाई अर्थपूर्ण एवं उद्देश्यमूलक बनाई सम्पन्न गर्नका लागि निम्नअनुसारका अनुसन्धानात्मक प्रश्नहरू समावेश गरिएको छ ।

क) शिक्षकहरूको तालिमको अवस्था कस्तो छ ?

ख) शिक्षकहरूको तालिमको प्रयोगको अवस्था कस्तो छ ?

ग) शिक्षकहरूले आफूले सिकेका ज्ञान, सीप र अनुभवहरूलाई शिक्षणमा के कति मात्रामा प्रयोगमा ल्याएका छन् ?

घ) शिक्षकहरूले आफूले प्राप्त गरेका ज्ञान,सीप र अनुभवरुहलाई प्रयाग गर्दा के कस्ता समस्याहरू आइपरेका छन् ।

च) तालिमको प्रयोगमा देखा परेका समस्या हल गर्ने उपायहरू के के हुन सक्लान् ?

## १.६ अध्ययनको परिसीमा

उपलब्ध साधन, स्रोत र समयको सीमितततालाई ध्यानमा राखी निम्नानुसार अध्ययनको परिसीमा निर्धारण गरिएको छ ।

यो अध्ययन धनकुटा जिल्लाको सिंधुवा स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरू मध्ये १ उच्च मा.वि.,२ मा.वि.,३ नि.मा.वि. र ४ वटा प्रा.वि. गरी जम्मा १० वटा विद्यालयमा सीमित गरिएको छ । अध्ययनका लागि सम्बन्धित विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी, वि.व्य.स.अध्यक्ष, अभिभावकहरू र स्रोतव्यक्तिलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यो अध्ययन विद्यालय तहका शिक्षकहरुको तालिमको प्रयोगको अवस्थाको लेखाजोखा, तालिमको प्रयोगमा देखिएका समस्याहरूको पहिचान र समस्या समाधानका उपायहरूको खोजी गर्ने कुरामा बढी केन्द्रित रहेकोछ र अध्ययनको निष्कर्ष विशेष गरी ग्रामिण क्षेत्रका विद्यालयमा मात्र सामान्यीकरण गर्न सकिनेछ ।

## १.७. मुख्य शब्दावलीहरूको परिभाषा

सेवाकालीन तालिम — विद्यालयमा कार्यरत शिक्षकलाई शै.ता.वि.के, आ.प्रा.शि.प.र दूर शिक्षाबाट प्रदान गरिने तालिम हो ।

स्रोतकेन्द्र — निश्चित सङ्ख्यामा विद्यालयको एउटा समूह बनाई ती सबैको केन्द्रविन्दुको रूपमा शैक्षिक कामकाज गर्ने संस्था लाई स्रोतकेन्द्र भनिन्छ ।

पूर्वसेवाकालीन तालिम — शिक्षकले शिक्षण सेवामा प्रवेश गर्नु भन्दा पहिले प्राप्त गर्ने तालिम पूर्वसेवाकालिन तालिम हो ।

पेशागत विकास तालिम — सामुदायिक विद्यालयहरूमा कार्यरत सबै शिक्षकहरूलाई पाँच वर्ष भित्रमा दिइने १०/१० दिनको ३ वटा मोड्युलको लालिम पेशागत विकास तालिम हो ।

# परिच्छेद दुई सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

साहित्यको पुनरावलोकनले अध्ययन/अनुसन्धानको लागि आधार प्रदान गर्ने तथा विषयलाई स्पष्ट पार्ने हुँदा यसलाई महत्त्वपूर्ण पक्षको रूपमा हेरिन्छ। सम्बन्धित साहित्य भन्नाले अध्ययन/अनुसन्धान गर्न लागिएको विषयसँग मिल्ने धारणा दिने र सहयोग पुऱ्याउने पूर्व साहित्य भन्ने बुझिन्छ। यसले अध्ययनलाई स्पष्ट पार्न र निष्कर्षमा पुऱ्याउन सहयोग गर्छ। त्यसैले यस शोध कार्यलाई पूर्णता दिन तल उल्लेखित विभिन्न साहित्यहरू अध्ययन गरिएको छ।

शै.ज..वि.के.(२०६६) शिक्षकको पेशागत विकाश कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शिक्षा विभाग द्वारा शिक्षक तालिम प्रभावकारीता अध्ययन र सेरिड द्वारा शिक्षक तालिम सम्बन्धी प्रभावकरिता अध्ययन लगायतका अनुसन्धानहरूबाट सरकारद्वारा तालिम/पेशागत योग्यता प्राप्त शिक्षक सङ्ख्या बढोत्तरी द्रुतगतिमा वृद्धि गराउन सफल भएपनि तालिम प्राप्त शिक्षकहरूबाट तालिममा सिकेका सीप/समग्र क्षमता ५०% को दरले मात्र कक्षाकोठामा प्रयोग भएको निष्कर्ष निकाले। यी अध्ययनहरूका साथै सेरिडद्वारा सालबसाली रूपमा सञ्चालन गरिएका फर्मेटिभ अनुसन्धानहरू समेतले शिक्षकहरूमा निहित ज्ञान एवं सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धी स्तर बढाउन थप फलो अप सपोर्ट र निरन्तर शिक्षक पेशागत विकास सञ्चालन गर्नु पर्ने आवश्यकता औँल्याएका छन्। समग्रमा भावी दिनमा सञ्चालन गर्ने यस्ता पेशागत गतिविधिहरू निरन्तर, समस्या समाधानमुखी विविधतायुक्त, स्थानीय एवं शिक्षकको पेशागत आवश्यकतामा आधारित हुनुपर्ने विषयमा यी अनुसन्धानहरूले जोड दिएका छन्। यसै गरी विश्वव्यापी अभ्यास अनुसार पनि अफ द जव भन्दा अन द जव र स्कुल वेस्ड एवं क्लस्टर वेस्ड शिक्षक विकास मोडेल उत्तम मानिएको छ।

शै.ता.वि.के.(२०६६) वर्तमान परिप्रेक्ष्यमा एडल्ट लर्निङ सिद्धान्तबाट निर्देशित फिल्ड वेस्ड टिचर्स प्रोफेजनल डेभ्लप्मेन्ट मोडेल अनुरूप विद्यालयका शिक्षकहरूलाई तालिम दिई उनीहरूमा सकारात्मक प्रवृत्तिको विकास गराई निरन्तर स्वाध्ययन प्रति जागरुक,विद्यार्थीको सिकाइ उपलब्धिका लागि जवाफदेही र समग्र विद्यालयको समुन्नतिका लागि योग्य तुल्याउन टी.पी.डी.मोडेल उपयोगी हुन सक्नेछ।

शै.ज.वि.के.(२०६५), 'तालिमको प्रभावकारिताका लागि क्षेत्रीय कार्यशालाहरूको प्रतिवेदन' मा शिक्षक तालिम सञ्चालन र तालिममा सिकेका कुराहरूको कक्षाकोठामा प्रयोगको वर्तमान अवस्था सन्दर्भमा तालिममा सिकेका कुराहरू अपेक्षित मात्रामा कक्षाकोठामा प्रयोग नभएको भन्ने सरोकारवालाहरूको गुनासो रहेको, तालिम सम्बन्धी नीतिमा छिटोछिटो परिवर्तन हुने गरेको, तालिम पूरा गर्ने शिक्षकको सङ्ख्या बढेको, केही दुर्गम जिल्लाहरूमा प्रशिक्षक प्रशिक्षण नलिएका व्यक्तिहरूद्वारा समेत तालिम सञ्चालन हुने गरेको, अनुदान कोटा र निजी स्रोतका शिक्षकहरूलाई पनि छोटो अवधिको तालिमको व्यवस्था गरिएको, केहि शिक्षकहरूलाई तालिमबाट प्राप्त सीपलाई कक्षाकोठामा प्रयोग गर्ने प्रतिवद्धतापत्रमा सहिछाप गराएर विद्यालयमा पठाउने गरिएको र तालिम सञ्चालन पश्चात पेशागत सहायताका लागि अनुगमन व्यवस्था रहेको उल्लेख गरिएको छ ।

तालिम नीति(२०६३),शिक्षा मन्त्रालयले निर्धारण गरेको तालिम नीतिमा शिक्षकहरुको पेशागत दक्षता अभिवृद्धि सँगसँगै प्राथमिक शिक्षकहरुको पेशागत तह वढाइने,प्राथमिक,निम्न माध्यामिक र माध्यमिक शिक्षकका लागि तोकिएको शैक्षिक योग्यताका अतिरिक्त पूर्वसेवाकालिन तालिमको रुपमा १० महिने शिक्षक तयारी कोर्ष पूरा गर्न अनिवार्य व्यवस्था गरीने, विद्यालय शिक्षाका सवै तहमा शिक्षक विकाश व्यवस्था लाई सुदृढिकरण गर्ने उद्देश्यले तालिम, अध्यापन अनुमति पत्र र पेशागत विकाश प्रक्रियालाई एकअर्कामाआवद्ध गरिने,अल्पकालिन पुनर्ताजगी तालिमलाई प्रमाणिकरण तालिम कार्यक्रमको एक अभिन्न अङ्गको रुपमा गणना गरिने,सेवाकालिन र सेवा प्रवेश शिक्षक तालिमका लागि प्रभावकारी तालिम पाठ्क्रम,र पाठ्यसामाग्रीको विकाश गरि प्रयोग गरिने, सुयोग्य,तालिम प्राप्त र प्रतिवद्ध प्रशिक्षकहरुवाट शिक्षक तालिम उपलव्ध, गराईने,अनुगमन र तालिम उत्तरार्ध सहयोग योजनालाई तालिमको गुणस्तर सुनिष्चित गर्ने उपायको रुपमा प्रयोग गरिने, तालिमको निरन्तर सुधार गर्नका लागि शैक्षिक जनशक्ति विकाश केन्द्र र यसका विभिन्न तहका संस्थाहरुले अनुसन्धान,मूल्याङ्कन र अनुगमन सम्वन्धी काम गर्ने, तालिम संस्था,विद्यालय र शिक्षकहरुको कार्यसम्पादनको मूल्याङ्कन गर्न कार्यसम्पादन सूचनाहरुको विकाश एवम् प्रयोग गरिने र तालिममा प्रशिक्षार्थीले हासिल गरेको उपलव्धिको मूल्याङ्कन गर्न निरन्तर मूल्याङ्कन प्रणालीको विकाश गरिने जस्ता नीतिगत प्राव्धान राखिएको हुँदा शिक्षक तालिममा प्रभावकारिता वृद्धि हुने देखिन्छ ।

भण्डारी (२०६७), 'तालिमबाट प्राप्त ज्ञान, सीपको शिक्षणमा प्रयोग'मा उल्लेख गरेअनुसार कक्षाकोठामा तालिमबाट प्राप्त सीपको प्रभावकारी उपयोग हुन नसक्नुमा शिक्षक वा प्रधानाध्यापक मात्र दोषी छैनन् । यसमा सम्पूर्ण निकाय जसले तालिमको आयोजना गर्छ र जो तालिम लिन वा परिवर्तनका लागि तत्पर हुन्छ, यी दुवै पक्ष संवेदनशील हुन जरुरी छ भनि उल्लेख गरिएको छ ।

शर्मा एण्ड शार्मा (२०६७), शिक्षाको दार्शनशास्त्रीय र समाजशास्त्रीय आधारमा उद्धृत वर्ल्ड कन्फेडेरेशन अफ अर्गनाइजेशन अफ टिचिङ्ग प्रोफेशनले शिक्षण पेशालाई अन्य पेशा सरह मान्न पेशा प्रवेशको न्यूनतम योग्यता, सदस्यहरूको अनुशासन, बाह्य हस्तक्षेत्र, नियन्त्रण र स्वतन्त्रता एवं सदस्यहरूको आर्थिक र सामाजिक मान्यता बढाउने प्रयास, बौद्धिक क्षमता, विशिष्ट तालिम र कार्यप्रतिको लगावमा जोड दिनु पर्ने कुरा उल्लेख गरिएको छ ।

घिमिरे (२०६२), इ.टी.सी. न्यूजलेटरमा उल्लेख गरेअनुसार शिक्षक तालिममा प्रशस्तै लगानी गरिएको छ र धेरै शिक्षकहरूले तालिमको अवसर पनि पाएका छन् । सङ्ख्यात्मक रूपमा तालिम प्राप्त शिक्षकको सङ्ख्या धेरै बढेतापनि तालिम प्राप्त शिक्षकको तुलनामा विद्यार्थीको सिकाइउपलब्धि र गुणस्तरीयतामा सुधार आएको देखिदैन । यस तथ्यले शिक्षकहरूले तालिममा सिकेका सीपहरू कक्षाकोठामा स्थानान्तरण गर्न नसकेको सजिलै देख्न सकिन्छ ।

गौतम (२०६७), प्राथमिक शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको शिक्षणमा प्रयोग शोधपत्रमा उल्लेख गरेअनुसार तालिममा प्राप्त ज्ञान र सीपको सबै शिक्षकहरूबाट पूर्णरूपमा कक्षाकोठामा प्रयोग नभएको, पुरानै तरिकाबाट शिक्षण गरिएको साथै शिक्षण गर्दा शिक्षणको तयारी, विषयवस्तुको प्रस्तुती, शैक्षणिक सामग्रीको प्रयोग तथा शिक्षण सिकाइ क्रियाकलाप धेरै शिक्षकहरूको प्रभावकारी नभएको वा न्यून रहेको पाइयो ।

लिम्बू (२०६८), 'कक्षाकोठामा शिक्षणमा शिक्षक तालिम कार्यान्वयनको अवस्था' शोधपत्रमा उल्लेख भएअनुसार तालिमप्राप्त शिक्षकको कक्षाकोठाको व्यवस्थपन सामान्य रहेको, शिक्षणका लागि पूर्व तयारी नभएको, शैक्षिक सामग्री निर्माण र प्रयोगको अवस्था न्यून रहेको विषयवस्तुको प्रस्तुतीकरण राम्रो रहेको, पूर्वपाठको पुनरावलोकन गरेको, समयमा पाठ पूरा गरेको, पाठको अन्तमा सारांश दिएको, समान्य अभ्यास गराउने गरेको र सामान्य उदाहरण दिने गरेको र तालिम प्राप्त शिक्षकले आफूले प्राप्त गरको ज्ञान सीपलाई

आंशिक रूपमा कार्यान्वयनमा ल्याएको उल्लेख छ । त्यसैगरी तालिम कार्यान्वयनमा विद्यार्थी सङ्ख्या बढी हुनु, विद्यार्थी अनियमित हुनु, साधन स्रोतको अभाव हुनु जस्ता समस्या रहको उल्लेख छ भने समाधानका उपायहरूमा भौतिक व्यवस्थापन सुदृढ गर्नु पर्ने, कक्षागत शिक्षक दरबन्दी हुनु पर्ने, पुनर्ताजगी तालिम उपलब्ध हुनु पर्ने, नियमित निरीक्षण र अनुगमन भई दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्ने जस्ता कुराको उल्लेख छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई तथ्यपरक बनाउन र सैद्धान्तिक समर्थन जुटाउन प्यभलभको व्यवहारिक सिद्धान्त र भिगोत्स्कीको निर्माणवाद सिद्धान्तमा आधारित बनाइएको छ ।

बीसौं शताब्दी भन्दा पहिले सिकाइमा तर्क र परिकल्पनाको मूख्य भूमिका रहने कुरामा जोड दिइएको भएतापनि सिकाइमा आधुनिक व्यवहारवादी सिद्धान्तहरूको प्रचुरता बढ्दै गएपछि सिकाइलाई अभ्यास वा तालिमसँग जोडेर हेरेको पाइन्छ ।अनुभव,अभ्यास र तालिम द्धारा व्याक्तिको व्यवहारमा आउने परिवर्तन सिकाई हो । तालिम प्राप्त शिक्षकले सिकाईका विभिन्न सिद्धान्तहरु वारे जानकारी प्राप्त गरेको हुन्छ र उसले वालवालिकाहरुमा सिकाई अनुभवहरु हाँसिल गराई व्यवहारिक परिवर्तन ल्याउन सहयोग पुर्याउन सक्दछ । नोवेल पुरस्कार विजेता प्रसिद्ध रुसी मनोवैज्ञानिक इभान पी.प्याभलभ द्धारा प्रतिपादित शास्त्रीय प्रत्यावर्तनको सिद्धान्तमा मानव सिकामा तालिमले सकारात्मक प्रभाव पार्दछ भन्ने अवधारणा उल्लेख गरिएको छ । पुनर्बल, उत्प्रेरणा, अभ्यास,आशा तथा बाधक जस्ता तत्वहरूले सिकाइलाई प्रभाव पार्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ । यो सिद्धान्त प्याभलभको जनावरमाथि गरिएको प्रयोगबाट प्रतिपादित भएतापनि मानव सिकाइसँग सम्बन्धित रहेको पाइन्छ । यो सिद्धान्त मानव सिकाइको व्यवहार परिवर्तनसँग मिल्दो छ । यस सिद्धान्तमा तालिम लिनु र दिनुलाई सिकाइको अनिवार्य शर्तका रूपमा लिइएको छ । यो सिद्धान्त साना नानीहरुलाई साँवा अक्षर चिनाउन,राम्रा आदत विकाश गर्न र नराम्रा वानी हटाउन तथा मनोचिकित्सा क्षेत्रमा समेत अत्यन्त उपयोगी मानिन्छ । मानिसको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउन यो सिद्धान्तको उपयोग भएकाले पनि यो अध्ययनमा यस सिद्धान्तलाई आधार मानिएको छ (शर्मा एण्ड शर्मा,२०६८)।

तालिमको महत्त्वपूर्ण उपलब्धि भनेको व्यवहार निर्माण हो । रेसिप्रोकल टिचिङ निर्माणवाद सिकाइ सिद्धान्तको सबैभन्दा राम्रो प्रयोग हो । सामाजिक परिवेश र सहभागितामूलक सिकाइलाई यस सिकाइको आधारको रूपमा लिइन्छ ।

मिगोत्स्की का अनुसार सिकाइमा शिक्षक र विद्यार्थीको संयुक्त प्रयास रहन्छ । शिक्षक वा जान्ने साथीले सिकाइलाई सिकारुको 'जोन अफ प्रोक्सीमोल डेभलपमण्ट' का आधारमा सङ्गठित गरी संरचना निर्माण गर्दछ । यस सिकाइ सिद्धान्तबाट सिकारुलाई नयाँ अवधारणा निर्माण गर्न सहयोग मिल्दछ ।यस सिद्धान्तले सिकाइलाई समस्या समाधानमा संयुक्त प्रयास, विषयगत वा विधागत प्रयोग, शैक्षणिक प्रविधिमा प्रयोग,नयाँ ज्ञानको निर्माण, लक्ष्यपूर्ण र सम्बन्धित हुनु पर्छ भनी उल्लेख गरेको पाइन्छ (शर्मा २०६८ वाट उधृत)

यसरी निर्माणवाद सिद्धान्त मार्फत मिगोत्स्कीले पनि तालिमलाई जोड दिएको पाइएकाले यो अध्ययनमा उक्त सिद्धान्तलाई सम्बन्धित गरिएको हो ।

## २.३ पुनरावलोकनको उपादेयता

कुनै पनि अध्ययन अनुसन्धान कुनै न कुनै सिद्धान्तमा आधारित भएर गरिएको हुन्छ । यस अध्ययनमा गरिएका २ वटा सिद्धान्त र विभिन्न साहित्यहरूको पुनरावलोकनले यस अध्ययनलाई सहज ढङ्गले पूरा गर्न तथा शैक्षिक क्षेत्रमा यस्ता अध्ययन गर्न चाहने सम्पूर्ण अध्ययनकर्तालाई आधार प्रदान गर्दछ ।

वर्तमान अवस्थामा हाम्रो देशमा पूर्व सेवाकालीन र सेवाकालीन तालिम लिई ९८.२% शिक्षक तालिम प्राप्त भइसकेको, टिपिडी तालिम समेत सञ्चालन भइरहेको अवस्थामा पनि कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थीको सिकाइउपलब्धिमा सुधार हुन नसकेको अवस्थामा उल्लेखित सिद्धान्त तथा पुनारावलोकन गरिएका साहित्यलाई महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।

आफूले लिएको तालिमलाई कक्षाकोठामा प्रयोग गर्न शिक्षकहरूमा पुनर्वल,उत्प्रेरणा र अभ्यास जस्ता तत्वहरुको प्रयोग तथा समस्या समाधानमा संयुक्त प्रयास जस्ता पक्षले तालिमको प्रयोगमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस अध्ययनको क्रममा अध्ययन गरिएका साहित्यहरूमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा, तालिमको प्रयोगमा देखा परेका समस्या र सहजरूपमा तालिमलाई प्रयोगमा ल्याउन विभिन्न उपायहरू समेत उल्लेख गरिएकाले यो अध्ययन अघि बढाउन सहयोग मिल्नेछ साथै भविश्यमा अध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई महत्त्वपूर्ण स्रोत सामग्रीको काम गर्नेछ ।

# परिच्छेद तीन अध्ययन विधि

अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित कार्य हो । निर्दिष्ट उद्देश्य हासिल गर्ने र समस्याको समाधान नगर्ने उद्देश्यबाट गरिने जानकारीको खोजी नै यथार्थमा अनुसन्धान हो । तसर्थ ज्ञान प्राप्त गर्ने माध्यम, समस्या समाधान गर्ने माध्यम तथा तथ्य पत्ता लगाउने माध्यमका रूपमा अनुसन्धानलाई लिन सकिन्छ । तर यो नियन्त्रित, सिलसिलेवार तथा व्यवस्थित हुनु पर्छ । अनुसन्धानका लागि समस्या चिन्ने परिकल्पना निर्माण गर्ने, तथ्याङ्क सङ्कलन र विश्लेषण गरी नतिजा पत्ता लगाउने या समस्या समाधान गर्ने कार्य आवश्यक हुन्छ (खनाल, २०६२:३) ।

कुनै पनि विषयमा गहिरो अध्ययन गर्नु अनुसन्धान हो । वैज्ञानिक विधिहरूको प्रयोग गरी कुनै खास समस्याहरूको योजनावद्ध अध्ययन गरी नयाँ तथ्यहरू पत्ता लगाउन गरिने खोजमूलक कार्यलाई अनुसन्धान भनिन्छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

“प्रस्तावित अध्ययनको उद्देश्य हासिल गर्ने अपेक्षा गरी बनाइएको योजना अनुसन्धान ढाँचा हो” (खनाल, २०६२) । अनुसन्धान ढाँचा खोजको निश्चित योजना एवम् रूपरेखा हो । अनुसन्धान ढाँचाले के विषयमा अनुसन्धान गर्ने, त्यसको उद्देश्य र महत्त्व के हुने, त्यसका लागि के के प्रमाणको प्रयोग गर्ने, प्रमाण कहाँबाट जुटाउने, तिनीहरूलाई कसरी व्यवस्थित गर्ने, कुन रूपमा व्याख्या विश्लेषण गर्ने र सिद्धान्त निर्माण गर्ने वा नगर्ने आदि जस्ता विषयवस्तुका बारेमा प्रकाश पार्ने गर्दछ (खनाल, २०६२ :४६) ।

अनुसन्धान ढाँचालाई गुणात्मक र परिमाणात्मक दुई भागमा बाँडिएको पाइन्छ । सामान्यतया गुणात्मक अध्ययनले अवस्था, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रूपमा गर्ने गरिन्छ भने परिमाणात्मक अध्ययन ढाँचाले अवस्था, घटना, प्रक्रिया तथा समस्यालाई साङ्ख्यिकीय आधारमा वृहद अध्ययन गर्ने गर्दछ । अध्ययनको यो “शिक्षक तालिमको प्रयोग” सम्बन्धी शोधकार्य सम्पन्न गर्न छनोटमा परेका जनसङ्ख्यासँग प्रश्नावली, अवलोकन फाराम , रुजुसूची र लक्षित समूह छलफल जस्ता साधनहरूको प्रयोगबाट प्राप्त तथ्याङ्क र सुचनालाई व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्नलाई गुणात्मक एवम् परिमाणात्मक दुवै शोध ढाँचा प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या

यस अध्ययनका लागि धनकुटा जिल्ला अन्तरगत सिंधुवा स्रोतकेन्द्र भित्रका सामुदायिक विद्यालयहरू, उक्त विद्यालयमा अध्यापन गर्ने तालिम प्राप्त र आंशिक तालिम प्राप्त शिक्षकहरू, प्र.अ., वि.व्य.स. अध्यक्षहरू, स्रोतव्यक्ति, सम्बन्धित विद्यालयका विद्यार्थी तथा अभिभावकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ।

## ३.३ नमूना छनोट

यो अध्ययनको लागि लिइएको जनसङ्ख्या अन्तरगत स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकहरु रहेका छन्। नमूनाको रूपमा स्रोतव्यक्ति, प्र.अ., अध्यक्ष, शिक्षक र विद्यार्थीहरु क्रमशः १, १०, ५,२० र २० जनालाई सम्भाव्य नमूना छनौट विधि प्रयोग गरी छनौट गरिएको छ। अध्ययनलाई प्रभावकारी वनाउन समय, स्रोत र साधनको सीमिततालाई समेत ख्याल गरी ग्रामिण र बजार क्षेत्रका विद्यालयहरू प्रा.वि., नि.मा.वि., मा.वि.र उच्च मा.वि. जस्ता तहगत संरचनाको आधार, प्र.अ., शिक्षक, स्रोतव्यक्ति, अध्यक्ष जस्ता पदीय आधार र तालिम प्राप्त र आंशिक तालिम प्राप्त जस्ता दक्षताको आधार लिई उद्देश्य पूरा गर्न सकिने अभिप्रायले यस प्रकारको नमूना छनोट गरिएको छ।

## ३.४ अनुसन्धानका साधनहरू

यस अध्ययनको उद्देश्य प्राप्तीका लागि तथ्याङ्कहरूको सङ्कलन गर्न निम्नानुसारका साधन प्रयोग गरिएको थियो।

### ३.४.१ प्रश्नावली

शिक्षक तालिमको प्रयोगवारे अध्ययन गर्न तालिमको प्रयोगको अवस्था, शिक्षकहरुमा भएको सैद्धान्तिक ज्ञान, शिक्षक तालिमको प्रयोगमा आइपरेका समस्या र समाधानका उपायहरूबारे शिक्षक,विद्यार्थी, प्र.अ., अध्यक्ष र स्रोतव्यक्तिलाई खुल्ला तथा वन्द प्रश्नावली बनाई जवाफ लिइएको छ। यी प्रश्नावलीहरूको नमूना अनुसूची १ क, ख, ग, र घ मा राखिएको छ।

### ३.४.२ अन्तर्वार्ता

शिक्षकहरूको तालिम, तालिमको प्रयोगको अवस्था, कठिनाइहरू, उपलब्धीहरू, समस्या समाधान गर्न गरिएका प्रयासहरू र समाधान गर्न नसकिएका समस्याहरू बारे विद्यालयमा गई सम्बन्धित व्यक्तिसँग अन्तर्वाता गरिएको थियो ।

### ३.४.३ लक्षित समूह छलफल निर्देशिका

शोधकार्यका लागि छनोटमा परेका विद्यालयका अभिभावक तथा विद्यार्थीसँग छलफल र अन्तर्क्रिया गरिएको थियो । यस क्रममा छलफल गरिएका विषयवस्तुहरूको नमूना  अनुसूची ४ मा राखिएको छ ।

### ३.४.४ कक्षा अवलोकन फाराम र कक्षा अवलोकन रुजुसूची

यस अध्ययनलाई पूरा गर्न अनुसन्धानकर्ता स्वयं छनोटमा परेका विद्यालयमा गई शिक्षक तालिमको कक्षाकोठामा प्रयोगको अवस्था पहिचान गर्न शिक्षकहरूको कक्षा अवलोकन गरी विभिन्न सूचनाहरू प्राप्त गरिएको थियो । अवलोकन गर्दा प्रयोग गरिएको फारामको नमूना अनुसूची २ र ३ मा राखिएको छ ।यस अध्ययनमा सूचना सङ्कलनका लागि प्रयोग गरिएका साधनहरूलाई वैध र विश्वसनीय बनाउनका लागि सहपाठी शोधकर्ता साथीहरू, सम्बन्धित विशेषज्ञहरू र शोध निर्देशकको सहयोग लिई सुधार गरी प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कको स्रोत

यस अध्ययनलाई उद्देश्यमूलक बनाउन तथ्याङ्कका प्राथमिक र द्वितयि स्रोतहरू प्रयोग गरिएको छ । यस अध्ययन कार्यसँग मिल्दाजुल्दा पुस्तक, लेखरचना, छनोटमा परेका विद्यालयका विद्यालय सुधार योजना, अभिलेखहरू, शिक्षकका व्यक्तिगत फाइल र चार्टहरू बाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई प्रत्यक्ष छलफल, अन्तर्वार्ता र प्रश्नावली  भराउने  कार्य गरी आवश्यकता अनुसारका तथ्याङ्कहरू लिइएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनलाई पूरा गर्ने क्रममा सङ्कलन गरिएका तथ्याङ्क एवम् सूचनाहरूलाई गुणात्मक ढङ्गले व्याख्या र विश्लेषण गरिएको छ। विभिन्न स्रोत साधनहरूबाट प्राप्त सूचनाहरूको गहन विष्लेषणका आधारमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा गरी, शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरू र त्यसका समाधानका उपायहरू एवं निष्कर्ष र सूझावहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद चार तथ्याङ्कहरूको विश्लेषण र व्याख्या

शिक्षक तालिमको प्रयोग विषयमा गहन अध्ययन गर्ने अभिप्रायले यो अध्ययन धनकुटा जिल्लाको सिंधुवा स्रोतकेन्द्रअन्तर्गतका १० वटा सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिएको थियो । शिक्षक तालिमको प्रयोगको लेखाजोखा गर्न र शिक्षक तालिमको प्रयोगमा देखा परेका समस्या र तिनका समाधानका उपायहरू पत्ता लगाउने उद्देश्यले उक्त क्षेत्रका शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समिति अध्यक्ष र स्रोतव्यक्तिसँग प्रश्नावली, असंरचित अन्तरर्वार्ता, शिक्षकहरूको कक्षा अवलोकन एवं लक्षित समूहसँग छलफल गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएका थिए । त्यसै गरी विद्यालयका अभिलेखहरू समेतबाट विभिन्न सूचना सङ्कलन गरिएको थियो । उल्लेखित स्रोत र साधनका आधारमा सङ्कलित सूचना एवं तथ्याङ्कलाई देहायबमोजिम व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ शिक्षकहरुको तालिमको अवस्था

छनौटमा परेका शिक्षकहरुको तालिमको स्थिति बारेका सूचनाहरू विद्यालयको स्थलगत सर्वेक्षणको क्रममा विद्यालयका अभिलेख तथा शिक्षक प्रश्नावलीबाट सङ्कल गरिएको थियो । नमूनामा परेका जम्मा २० जना शिक्षकहरू मध्ये १६ जना शिक्षकहरू पूरा तालिम प्राप्त र ४ जना शिक्षक आंशिक तालिम प्राप्त रहेको पाइयो । उक्त ४ जना शिक्षक मध्ये ३ जना राहत अनुदानमा र १ जना निजी स्रोतमा कार्यरत रहेको र नियुक्ति पश्चात सेवाकालीन तालिमको अवसर पाउँदै गरेका, मानविकी विषय अध्ययन गरी योग्यता हासिल गरको र हाल शिक्षा विषय लिई आइ.एड. तथा बी.एड.मा अध्ययनरत रहेको पाइयो । यस अध्ययनको लागि नमूना छनोटमा परेका शिक्षकको नाम, शैक्षिक योग्यता, तालिम र अनुभव वर्ष अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## ४.२ विद्यालयमा शिक्षक तालिमको प्रयोगको अवस्था

शिक्षकहरूले विभिन्न किसिमले विविध प्रकारका तालिमबाट प्राप्त ज्ञान, सीप तथा अनुभवलाई शिक्षणको क्रममा के कति र कसरी प्रयोगमा ल्याएका छन् भन्ने सन्दर्भमा शिक्षक तालिमको प्रयोगको लेखाजोखा गर्न कक्षा अवलोकन फाराम  र कक्षा अवलोकन

रुजुसूचिको प्रयोग गरिएको थियो । जसबाट प्राप्त सूचनाहरूलाई निम्नानुसार प्रस्तुत गरि व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ कक्षा व्यवस्थापन

विद्यार्थीमा शैक्षिक उपलब्धि हासिल गराउन असल कक्षा व्यवस्थापन हुनु जरुरी छ । कक्षाकोठाको भौतिक एवम् सामाजिक व्यवस्थापन तथा वातावरणले शिप्रत्यक्ष प्रभाव पारेको हुन्छ । कक्षा व्यवस्थापन गर्ने प्रमुख दायित्व शिक्षकको रहेको हुन्छ । अध्ययनको क्रममा जम्मा २० वटा कक्षाहरूको अवलोकन तथा रुजुसूचीका आधारमा प्राप्त सूचनाहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

कक्षा व्यवस्थापन सीप अन्तरगत फर्निचर व्यवस्थापन वारे विष्लेषण गर्दा  सबै कक्षाकोठामा फर्निचर उपलब्ध रहेको, ५ वटा विद्यालयमा विद्यार्थी सङ्ख्या अनुसार फर्निचर अपर्याप्त रहेको र बाक्लो गरी बस्नु पर्ने बाध्यताले कक्षाकार्य गर्न अप्ठ्यारो परेको र विद्यार्थीको उमेर र स्तरअनुरूप फर्निचरको साइज हुनुपर्ने र सहिढङ्गले फर्निचर मिलाएर राखिनुपर्नेमा १२ वटा कक्षामा फर्निचरको व्यवस्थापनको अवस्था उत्तम, ५ वटामा मध्यम र ३ वटामा निम्नस्तरको  रहेको पाइयो ।

कालोपाटी र सेतोपाटीको प्रयोग सम्बन्धी सीपको प्रयोगको अवस्था विश्लेषण गर्दा १६ वटा विद्यालयमा कालोपाटी मात्र र ४ वटा कक्षामा सेतोपाटी समेत उपलब्ध रहेको जसमध्ये ८ वटा कक्षामा प्रयोगको अवस्था उत्तम, १२ वटामा मध्यम रहेको पाइयो ।

सरसफाइको सन्दर्भमा अवलोकित २० वटा कक्षा मध्ये १५ वटा कक्षाकोठा सफा गरिएको ५वटा सफा नगरिएको र सफा गरिएका कक्षाकोठामध्ये १२ वटा उत्तम र ३ वटामा मध्यम अवस्था रहेको पाइयो । पूर्णरुपमा सरसफाइ नगरिनुमा शिक्षकको निर्देशनमा कमि तथा विद्यार्थीमा हेलचेक्राइ र अल्छीपना रहेको पाइयो। छनौटमा परेका विद्यालयहरु मध्ये २ वटामा मात्र छुट्टै सरसफाइ गर्ने कर्मचारीको व्यवस्था रहेको पाइयो ।

कक्षाकोठाको वातावरणले बालबालिकाको सिकाइमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कक्षाकोठाको साम्रो सजावटले बालबालिकामा सिर्जनशिलता, सक्रियता एवं आकर्षण पैदा गर्छ । कक्षाकोठाको सजावट अन्तरगत उपयुक्त रङरोकन, शिक्षक विद्यार्थी निर्मित शैक्षिक सामग्री, हस्तकला तथा चित्रकलाका सामग्रीहरू, चार्ट, ग्राफ, पोष्टर, ग्लोब, नक्सा र फोटो आदि जास्ता सामग्रीहरू व्यवस्थित रूपमा सजाएर राख्नु र आवश्यक परेको वेला प्रयोग

गर्नु भन्ने बुझिन्छ। जुन सीप शिक्षकले तालिम वाट सिकेको हुन्छ। यस सन्दर्भमा छनोटमा परेका कक्षाकोठा बारेको तथ्याङ्क विश्लेषण गर्दा २० वटा कक्षा मध्ये ८ वटामा मात्र सजावट गरिएको पाइएतापनि पर्याप्त एवं उत्तम अवथामा कक्षाकोठा सजावट गरिएको पाइएन। कक्षाकोठाको सजावटमा कमि हुनुमा शैक्षिक सामाग्रीको अभाव, असुरक्षित एवम् अव्यवस्थित कक्षाकोठा हुनु र शिक्षकमा जोश, जाँगर र तत्परताको कमि जस्ता समस्या रहेको पाइयो।

छनोटमा परेका सबैजसो कक्षामा सूचनापाटीको व्यवस्था रहेको पाइएन।

सिद्धान्ततः प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरिनुपर्ने, जसमा स्तरअनुरूपका सहायक एवं पूरक सामग्रीहरू राखिनु पर्ने मान्यता छ। जसबाट बालकमा खोजी गरि अध्ययन गर्ने बानीको विकास, अतिरिक्त ज्ञानको भण्डार बढ्ने अवस्था रहन्छ। यस्ता बुक कर्नर वा सिकाइ कुनामा सन्दर्भ सामग्रीहरू सुरक्षित ढङ्गले र्‍याक वा दराजमा राखिनु पर्छ। शिक्षकलाई बुक कर्नर को व्यवस्था,प्रयोग र महत्ववारे जानकरी भएतापनि यस सम्बन्धी अवलोकन गर्दा २० वटा मध्ये २ वटा कक्षाकोठामा मात्र सो व्यवस्था गरिएको जुन अपर्याप्त र मध्यम अवस्थामा रहेको पाइयो। यस्तो अवस्था रहनुमा भौतिक एवम् आर्थिक समस्या तथा प्र.अ. र शिक्षकले यसवारे विशेष ध्यान नदिनु प्रमूख समस्या रहेको पाइयो।

कक्षाकोठामा सबै विद्यार्थीहरू समान क्षमता र स्तरका हुदैनन् तसर्थ विद्यार्थीहरूको क्षमता र स्तरका आधारमा अलग अलग समूह निर्माण गरिनु पर्दछ र समूहगत रूपमा अभ्यास र क्रियाकलापहरू सञ्चालन गरिनु पर्दछ। अवलोकनबाट प्राप्त सूचनाहरूलाई विश्लेषण गर्दा २० वटा मध्ये १२ वटा कक्षामा समूह निर्माण गरिएको, ६ वटा कक्षामा उत्तम, ४ वटा मध्यम र २ वटा निम्न अवस्थामा रहेको पाइयो। समूह निर्माण गरी क्रियाकलाप नगर्नुमा शिक्षकको लगनशिलता र सक्रियतामा कमि रहेको देखियो।

तालिमको मर्म अनुरुप प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न बालबालिकाहरूको रुची, क्षमता, उमेरस्तर र आवश्यकताका आधारमा बसाइ व्यवस्थापन गर्नु पर्ने र सबैलाई समान ध्यान पुर्‍याउनु पर्ने र सामान अवसर प्रदान गर्नु पर्ने हुन्छ। कक्षा व्यवस्थापन अन्तर्गत बसाई व्यवस्थापन बारे अवलोकन गर्दा जम्मा १० वटा कक्षामा बसाइ व्यवस्थापन गरिएको जसमध्ये ५ वटाको अवस्था उत्तम र ५ वटा कक्षाको अवस्था मध्यम रहेको पाइयो। विद्यार्थीहरुको सहि वसाइ व्यवस्थापनमा शिक्षकले वेवास्ता गरेको पाइयो।

प्रत्येक कक्षा १/१ वटा फोहोर राख्ने टोकरी तथा शैक्षिक सामग्री राख्ने र्‍याक राख्नु अनिवार्य हुन्छ । यसबारेमा प्राप्त सूचना अनुसार जम्मा २० मध्ये ५ वटा कक्षाकोठामा मात्र सोको व्यवस्था गरिएको पाइयो । डस्टविन र शैक्षिक सामाग्री राख्ने र्‍याकको व्यवस्था र प्रयोग हुन नसक्नुमा व्यवस्थापन पक्ष, शिक्षक र विद्यार्थीहरु सवैको ध्यान नपुगेको देखिन्छ ।

## ४.२.२ शिक्षणका लागि पूर्वतयारीको अवस्था

शिक्षकले शिक्षणका लागि कक्षाकोठामा प्रवेश गर्नुपूर्व आफूले कुन विषयवस्तु कसरी पढाउने, के कस्ता सिकाइउपलब्धि विद्यार्थीमा हासिल गराउने, प्रभावकारी सिकाइका लागि के कस्ता शैक्षिक सामग्रीको तयारी गरी कुन कुन क्रियाकलाप गर्ने र मूल्याङ्कन कसरी गर्ने आदि जस्ता कुराहरू समेटेर पाठनोट वा पाठयोजना निर्माण गरेको हुनु पर्दछ । विना तयारीको शिक्षक रणभूमिमा हतियार विनाको सिपाही बराबर हुन्छ । तालिमवाट शिक्षकहरूले शिक्षणका लागि पूर्वतयारीको अवस्थाअन्तर्गत पाठयोजना निर्माण, शै.सा.को तयारी, स्रोत साधनहरूको व्यवस्थापन तथा विषयवस्तुको गहिरो अध्ययन गर्नुपर्ने जस्ता सीप सिकेको हुन्छ । छनोटमा परेका शिक्षकहरुको कक्षा अवलोकन तथा रुजुसूचीका आधारमा प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गर्दा जम्मा २० शिक्षकहरूमध्ये लिखित रूपमा पाठ नोट तयारी गर्ने शिक्षक ५ जना मात्र रहेको बाँकी शिक्षकहरूले मानसिक रूपमा मात्र तयारी भई शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाएको पाइयो ।

दक्ष एवम् तालिप्राप्त शिक्षकले पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू पूरा हुने गरी पाठयोजना निर्माण गर्नु पर्ने, पूर्वपाठको पुनारवृत्ति गरेर मात्र सम्बन्धित दिनको पाठ सुरु गर्नु पर्ने, श्रव्यदृश्य, दृश्य, मुद्रित, विना मूल्य, कम मूल्यका र स्थानीय शिक्षक-विद्यार्थीहरूबाट निर्मित सामग्रीहरूको तयारी, तिनीहरूको प्रदर्शन, भण्डारण र संरक्षणका लागि उपयुक्त व्यवस्थापन गर्नु पर्ने, विद्यार्थी उत्प्रेरणा तथा अनुशासनका लागि उपयुक्त कार्य गर्नु पर्ने हुन्छ । अवलोकन गरिएका शिक्षकहरूको शिक्षण पूर्वको तयारीको अवस्था अन्तर्गत १० जना शिक्षकले मात्र शिक्षण सामग्री तयारी गरेको, १० जनाले केवल पा.पु., चक, डस्टर र कालोपाटी जस्ता दैनिक प्रयोगका समग्री प्रयोग गर्ने गरेको पाइयो । सम्बन्धित दिनको पाठ्यवस्तु सम्बन्धी गहिरो अध्ययन गर्ने शिक्षक सङ्ख्या १५ जना रहेको पाइयो भने ५ जना शिक्षकले कक्षा प्रवेश पश्चात पाठ्यवस्तु हेर्ने गरेको पाइयो । त्यसैगरी जम्मा १० जना शिक्षकहरूले मात्र आवश्यक स्रोत साधनको खोजी, प्रयोग, भण्डारण र

संरक्षण एवं व्यवस्थापन गर्ने गरेको र बाँकी १० जना शिक्षकहरूले यस सम्बन्धमा खासै ध्यान दिइएको पाइएन ।

### ४.२.३ विषयवस्तुको प्रस्तुती

दक्ष एवं तालिम प्राप्त शिक्षकहरूमा संरचित एवं योजनावद्ध रूपमा उपयुक्त विषयवस्तुको छनोट, क्रमवद्ध प्रस्तुती, उपयुक्त उदाहरणको प्रयोग, विषयवस्तुअनुसारको सामग्रीको प्रयोग गर्ने, विषयवस्तु प्रति विद्यार्थीको ध्यानाकर्षण गराउने, विद्यार्थीमा उत्प्रेरणा जगाउने र पाठको पुनारवलोकन एवं पूर्वज्ञानको पहिचान गर्ने सम्बन्धी सीपको विकास भएको आशा राखिएको हुन्छ । शिक्षकहरुको कक्षा अवलोकन र कक्षा अवलोकन रुजुसूचीका आधारमा विषयवस्तुको प्रस्तुती सम्बन्धी सीपहरूको प्रयोगवारे प्राप्त सूचनाहरूलाई विश्लेषण गर्दा विद्यार्थीमा उत्प्रेरणा जगाउने, पूर्वपाठको पुनरावलोकन एवं पूर्वज्ञानको पहिचान, उपयुक्त विषयवस्तुको छनोट, विषयवस्तुको क्रमवद्ध प्रस्तुती, उपयुक्त उदाहरणको प्रयोग र विषयवस्तुअनुसार सामग्रीको प्रयोग गर्ने शिक्षक सङ्ख्या क्रमशः १२, १५, १५, ११, १६, र १० जना पाइयो भने उक्त अनुसारका सीप प्रयोग नगर्ने शिक्षक सङ्ख्या क्रमशः ८, ५, ५, ९, ४र १० रहेको पाइयो । शिक्षक कक्षामा प्रवेश गरेपछि अनियन्त्रित रहेका विद्यार्थीलाई पाठप्रति ध्यानाकर्षण गराउन सर्वप्रथम कुनै चित्र प्रस्तुती, हास्यव्यङग्य वा छोटा कथा, कविता, चुड्किला आदि भनेर विद्यार्थीलाई उत्प्रेरित गराउनु पर्नेहुन्छ । सो सम्बन्धी सीपको प्रयोग गर्ने शिक्षक सङ्ख्या १२ जना पाइयो भने अन्य शिक्षकले विद्यार्थी ध्यानाकर्षण गराउन कुनै कार्य गरको पाइएन ।

उपयुक्त विषयवस्तुको छनोटअन्तरगत पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धि पूरा हुने खालका विषयवस्तु छनोट गर्नु पर्ने, विषयवस्तु छनोटका लागि पाठ्यक्रम र शिक्षक निर्देशिकालाई मूल आधार मान्नु पर्नेमा १५ जना शिक्षकहरूबाट मात्रै उक्त सीपको प्रयोग गरेको पाइयो भने बाँकी शिक्षकले त्यसमा खासै ध्यान दिएको पाइएन । विषयवस्तु छनोटमा पा.पु.लाई आधार लिइएको पाइयो ।

विषयवस्तुको क्रमवद्ध प्रस्तुती अन्तर्गत विषयवस्तुलाई सिलसिलेवार ढङ्गबाट प्रस्तुत गर्नुपर्ने जस्ता सीप तालिममा सिकेकोमा ११ जना शिक्षकले मात्र सोही अनुरूप प्रस्तुत गरेको र बाँकी शिक्षकले जथाभावी रूपमा प्रस्तुतीकरण गरेको पाइयो । शिक्षकहरूले विषयवस्तुको पूर्वतयारीमा ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइयो । विषयवस्तुसँग

सम्बन्धित धारणा स्पष्ट पार्नका लागि विद्यार्थीहरूलाई उनीहरूका अनुभवहरू बताउने अवसर प्रदान गर्ने, दैनिक जीवनसँग सम्बन्धित वस्तुहरू तथा घटनाहरूमा आधारित भै उदाहरण सहित विषयवस्तु प्रस्तुत गर्नु पर्ने सीप शिक्षकले हासिल गरेकोमा जम्मा १६ जना शिक्षकले मात्र शिक्षणमा उक्त सीपलाई प्रयोग गरेको पाइयो ।

## ४.२.४ शिक्षण विधिको प्रयोग

शिक्षण कार्यमा दक्ष एवं तालिमप्राप्त शिक्षकले शिक्षण सिकाइ कार्य सञ्चालन गर्दा प्रजातान्त्रिक भावना अनुरूप बालमैत्री शिक्षण विधि प्रयोगमा ल्याउनु पर्छ । विषयवस्तुको प्रकृतिअनुरूपका पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गर्ने खालका र विद्यार्थीको रुची, क्षमता, स्तर र आवश्यकताअनुरूपको विद्यार्थी केन्द्रित, सहभागितामूलक एवं क्रियाकलापमा आधारित प्रभावकारी शिक्षण विधिको प्रयोग भएमा मात्र विद्यार्थीहरूमा अपेक्षित ज्ञान, सीप र अभिवृद्धिको विकास हुन सक्छ । तालिम प्राप्त शिक्षकले विषय एवम् पाठ्यवस्तु र विधा अनुरुपका उपयुक्त शिक्षण विधिहरुको छनोट र प्रायोग गर्ने सीप हासिल गरेको हुन्छ । अध्ययनका क्रममा स्थलगत रूपमा गरिएको कक्षा अवलोकन र कक्षा अवलोकन रुजुसूचीका आधारमा शिक्षकहरूको शिक्षण विधिको प्रयोगको अवस्था बारे प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गर्दा उपयुक्त शिक्षण विधि छनोट गर्ने, प्रयोग गर्ने र आवश्यकताअनुसार शिक्षण विधि परिवर्तन गरी शिक्षण गर्ने शिक्षक सङ्ख्याहरू क्रमशः १५, १५, १० रहेको पाइयो भने प्रयोग नगर्ने शिक्षकहरूको सङ्ख्या क्रमशः ५, ५ र १० पाइयो ।

त्यसैगरी शिक्षण विधिको छनोट, प्रयोग र आवश्यकताअनुसार विधिको परिवर्तन गर्ने शिक्षकहरूमा क्रमशः ९, ७ र ५ उत्तम अवस्था रहेको, ४, ५ र ३ शिक्षकको अवस्था मध्यम रहेको र २, ३ र २ जना शिक्षकहरूको उक्त सीपको प्रयोगको अवस्था न्यून रहेको पाइयो । तुलनात्मक रूपमा हेर्दा शिक्षकहरू शिक्षण विधिको छनोटमा दक्ष भएपनि प्रयोग र आवश्यकताअनुसार शिक्षण विधि परिवर्तन गर्ने सीप सामान्य रहेका पाइयो । शिक्षण क्रियाकलापलाई सहभागीमूलक बनाउनका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य एवं विषयवस्तुको प्रकृति अनुकूल छलफल, प्रदर्शन, प्रश्नोत्तर, व्याख्या, भूमिका अभिनय, क्षेत्रभ्रमण, गीत र खेल जस्ता विधिहरू प्रयोग गरी शिक्षण गर्ने तरिका तथा पाठको प्रकृति र आवश्यकता अनुरूप प्रत्येक पाठका विधिहरू परिवर्तन गरी शिक्षण गर्ने कौशल

शिक्षकहरूले तालिममा सिकेका हुन्छन् तर व्यवहारमा सोही बमोजिम नभएको पाइयो । त्यस्तो हुनमा शिक्षकको सक्रियता र मेहेनतको कमि रहेको देखिन्छ ।

### ४.२.५ शैक्षिक सामग्रीको निर्माण, छनोट तथा प्रयोग

शैक्षिक सामग्रीको छनोट तथा उपयुक्त रूपमा प्रयोग गरी विद्यार्थीहरूलाई विषयवस्तुको प्रत्यक्ष अनुभव तथा धारणा दिन सकिन्छ । शैक्षिक सामग्रीले विद्यार्थीहरूलाई छिटो, सजिलो र स्पष्ट ढङ्गले बुझ्ने कुरामा मद्धत पुऱ्याउनुका साथै सिकाइ चीरस्थायी हुन्छ । त्यसै गरी शिक्षकले पनि कम परिश्रम गरी छोटो समयमा धेरै भन्दा धेरै विषयवस्तु सिकाउन सक्तछ । तालिममा शिक्षकहरूले विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने सीप तथा तिनीहरूको सही ढङ्गले प्रयोग गर्ने सीप सिकेका हुन्छन् । स्थानीय समग्री, खरिद गरिएका सामग्री तथा खेर जाने चिजबाट शैक्षिक सामग्री निर्माण गर्ने तथा तिनीहरूको सही ढङ्गले प्रयोग गर्ने सीप शिक्षकमा विकाश भएमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ ।

अध्ययनका लागि छनोट गरिका शिक्षकहरूको शैक्षिक सामग्रीको निर्माण छनोट तथा प्रयोगसम्बन्धी सीपको प्रयोगको अवस्थाको बारेमा कक्षा अवलोकन तथा रुजुसूचीबाट प्राप्त सूचनालाई विश्लेषण गर्दा विद्यार्थीको रुची, स्तर, आवश्यकता र विषयवस्तुको प्रकृति अनुरुप उपयुक्त शैक्षिक सामग्रीको निर्माण, छनोट, विद्यार्थी/शिक्षक निर्मित शै.सा. को प्रयोग, विषयवस्तुको प्रकृतिअनुरूप शै.सा.को प्रयोग र क्रमवद्धरूपमा शै.सा.को प्रयोग गर्ने शिक्षकहरूको सङ्ख्या क्रमशः १०, १०, १२, १० र १२ जना रहेको पाइयो भने उक्त सीपको प्रयोग नगर्ने शिक्षक क्रमशः १०, ५,८, १० र ८ जना रहेको पाइयो । त्यसै गरी उक्त सीपहरूको प्रयोग गर्ने शिक्षक मध्ये क्रमशः १०, ५, ८, १० र ६ जनाको प्रयोगको अवस्था उत्तम रहेको, ४,३,४, ३ र ४ जनाको उक्त सीपको प्रयोगको अवस्था मध्यम रहेको पाइयो ।

विषयवस्तुको प्रकृति, उपलब्ध स्रोत साधन, विद्यार्थी सङ्ख्या, कक्षाकोठाको आकार र विद्यार्थीको रुची, क्षमता, स्तर र आवश्यकताका आधारमा शैक्षिक सामाग्रीको छनोट गर्नु पर्ने हुन्छ । विशेषतः विना मूल्यका र कम मूल्यका शैक्षिक सामग्री निर्माण गर्ने, स्थानीय स्तरमा उपलब्ध हुने तथा खेर जाने सामग्रीहरूबाट शैक्षिक सामग्री निर्माण गर्ने जस्ता सीपहरू तालिमबाट शिक्षकले सिकेको हुन्छ तर उक्त सीपलाई कार्यक्षेत्रमा प्रयोगको अवस्था सन्तोषजनक रहेको पाइएन । विद्यार्थीहरूमा पनि आफ्नो खालका प्रतिभाहरू रहेका हुन्छन् । उनीहरूले शिक्षकहरूको निर्देशन तथा सहयोगमा सामग्री निर्माण तथा सङ्कलन गर्न

सक्दछन् । त्यसो गरेमा समय स्रोत र साधनको बचत हुने गर्छ भने कतिपय खेर जाने चिजबिजहरूको समेत सदुपयोग हुन्छ । छनोटमा परेका जम्मा २० जना शिक्षकमध्ये १२ जना शिक्षक मध्ये १२ जनाले शैक्षिक सामग्री प्रयोग नगरेको र  प्रयोग गर्ने मध्ये पनि ६ जनाको अवस्था उत्तम, ४ जनाको मध्यम र २ जनाको अवस्था न्यून रहेको पाइयो । विषयवस्तुको प्रकृतिअनुरूप र क्रमवद्धरूपमा शै.सा.प्रयोग गर्ने शिक्षक सङ्ख्या क्रमशः १० र १२ रहेको पाइयो भने बाँकी शिक्षकले प्रयोग गरेको पाइएन ।

उपर्युक्त विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने तालिम प्राप्त शिक्षकको शैक्षिक सामग्री निर्माण, छनोट र प्रयोगको अवस्था सामान्य रहेको छ । यस्तो अवस्था रहनुमा विद्यालयको आर्थिक अवस्था कमजोर हुनु, कम दरवन्दी भएका विद्यालयममा शिक्षकमा कार्यभार वढि भई समय दिन नसक्नु,र कतिपय शिक्षकमा उत्साह र जाँगर कम तथा अल्छीपना वढि भएको देखिन्छ ।

### ४.२.६ शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाहरूलाई नयाँ ज्ञान, सीप र धारणा विकास गराई उनीहरूको व्यवहारमा परिवर्तन ल्याउन शिक्षण सिकाइ क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षणमा कक्षाभित्र रहेका सबै विद्यार्थीका आवश्यकता, रुची, क्षमता र चाहनालाई सम्बोधन गर्दै कक्षाकोठामा गरिने क्रियाकलापमा सबै विद्यार्थीको समान र सक्रिय सहभागिता हुन सक्ने वातावरणको सिर्जना गर्नु तालिम प्राप्त शिक्षकहरूको कर्तव्य हो । शिक्षकहरूको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्थाबारे कक्षा अवलोकन र रुजुसूचीबाट प्राप्त सूचनाहरूलाई  विश्लेषण गर्दा पाठप्रति विद्यार्थीको उत्प्रेरणा जगाउने, समूह निर्माण र सामुहिक क्रियाकलाप सञ्चालन, प्रशस्त अभ्यास गर्ने अवसर प्रदान, विद्यार्थीको सक्रिय सहभागिता, विद्यार्थीलाई प्रश्न सोध्ने अवसर प्रदान, सोचेर उत्तर दिने अवसर प्रदान, पुनर्वल र पृष्ठपोषण प्रदान, सबै प्रकारका बालबालिकालाई समान अवसर प्रदान, शिक्षकको पथप्रदर्शनात्मक भूमिका र कमजोर विद्यार्थीलाई विशेष सहयोग गर्ने जस्ता सीप प्रयोग गर्ने शिक्षक सङ्ख्या क्रमशः १०, ८, १२, १२, ८, ८, १२, १२, १५ र १० रहेको पाइयो भने उक्त प्रकारका सीप प्रयोग नगर्ने शिक्षक सङ्ख्या क्रमशः १०, १२, ८, ८, १२, १२, ८, ८, ५ र १० जना रहेको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गतका उक्त सीपहरू प्रयोग गर्ने शिक्षकहरूमा क्रमशः ६, ६, १०, ६, ४, ४, ६, ६, ८ र ६ जनाको प्रयोगको अवस्था उत्तम

रहेको पाइयो भने क्रमशः ४, २, २, ३, ४, ४, ४, ४, ४ र ४ जनाको उक्त प्रकारका सीपको अवस्था मध्यम स्तरको पाइयो । विषयवस्तुप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्न शिक्षकले छोटा सान्दर्भिक गीत, कथा, कविता, चुड्किला, आकर्षक सामग्री प्रदर्शनी आदि कार्य गरी उत्प्रेरणा जगाउनु पर्नेमा १० जना शिक्षकले मात्र सो सीप प्रयोग गरेको पाइयो भने बाँकी शिक्षकले उत्प्रेरणा जगाउन कुनै कार्य गरेको पाइएन । समूहकार्यले विद्यार्थीमा आफैं गरेर सिक्ने, जिम्मेवारी वहन गर्ने, नेतृत्व लिने र भूमिका निर्वाह गर्ने, समस्या समाधानमा सामूहिक प्रयास गर्ने सीप विकास हुन्छ तर जम्मा २० जना शिक्षक मध्ये ८ जनाले मात्र उक्त  सीप प्रयोग गरेको र १२ जनाले प्रयोग नगरेको पाइयो ।

बारम्बारका अभ्यासले बालकलाई विषयवस्तुमा निपूर्ण बनाउन सहयोग गर्छ । तालिम प्राप्त दक्ष शिक्षकले विद्यार्थीलाई प्रशस्त अभ्यास गर्ने अवसर प्रदान गर्नु पर्ने हुन्छ । तर अवलोकनका क्रममा १२ जना शिक्षकले मात्र अभ्यास गराउने गरेको र बाँकी शिक्षकले ध्यान नदिएको पाइयो । दक्ष शिक्षकले विद्यार्थी केन्द्रित विधि मार्फत विद्यार्थीलाई सिकाइमा सक्रिय सहभागिता गराउनु पर्ने हुन्छ र शिक्षक सहयोगी र पथप्रदर्शक बन्नु पर्ने हुन्छ तर १२ जना शिक्षकले मात्र सो सीपको प्रयोग गरेको र बाँकी शिक्षकले विद्यार्थी सक्रिय गराएको पाइएन । विद्यार्थीलाई नबुझेको कुरा प्रश्न गर्ने, जिज्ञासा राख्ने र शिक्षकले गरेको प्रश्नलाई राम्रोसँग सोची उत्तर दिने अवसर शिक्षकले प्रदान गर्नु पर्नेमा ८ जना शिक्षकले मात्र सो अवसर प्रदान गरेको र बाँकीले सो अवसर प्रदान गरेको पाइएन ।

विद्यार्थीहरूमा हौसला प्रदान गर्न पुनर्वल प्रदान गर्नु पर्ने हुन्छ त्यसै गरी आफूले गरेको कार्यको बारेमा उनीहरूलाई नतिजा बोध गराउन पृष्ठपोषण प्रदान गर्नु पर्ने हुन्छ । सकारात्मक पुनर्वल एवं पृष्ठपोषणले सिकाइमा अभिवृद्धि गराउँछ तर छनोट गरिएका जम्मा शिक्षक मध्ये १२ जनाले उक्त सीपको प्रयोग गरेको र ८ जनाले प्रयोग नगरेको पाइयो भने प्रयोग गर्ने मध्ये ६ जनाको उत्तम, ४ जनाको मध्यम र २ जनाको निम्न अवस्था रहेको पाइयो । कक्षामा विभिन्न क्षमता, स्तर, रुची, आवश्यकता भएका विद्यार्थी हुन्छन् । कतिपय शिक्षकहरू जान्ने विद्यार्थीलाई मात्र बढी अवसर प्रदान गर्ने गर्दछन् र कमजोरलाई त्यति ध्यान दिँदैनन् । अवलोकनबाट प्राप्त सूचनाअनुसार जम्मा २० जना शिक्षक मध्ये १२ जना शिक्षकले मात्र विभिन्न स्तर, क्षमता, रुची, आवश्यकता र छात्रछात्रा दुवैलाई सिक्नका लागि समान अवसर प्रदान गरेको र बाँकी ८ जनाले यसमा ध्यान नदिएको पाइयो । पाठ्यक्रमले निदिष्ट गरेका सिकाइउपलब्धि पूरा गराउन कमजोर विद्यार्थी पहिचान गरी तिनीहरूलाई

अलग्गै समूहमा राखी विशेष सहयोग र अभ्यास गराउनु पर्दछ । अवलोकनबाट प्राप्त सूचनाअनुसार १० जनाले सो कार्य गरेको र बाँकी १० जनाले कमजोर विद्यार्थीलाई विशेष अभ्यास र सहयोगको प्रयास गरेको पाइएन । यसरी शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गत उल्लेखित सीपहरु सवै शिक्षकहरुले प्रयोग नगर्नुमा शिक्षकहरुमा दक्षता एवम् लगनशिलतामा कमि रहेको पाइयो ।

### ४.२.७ विद्यार्थी मूल्याङ्कन

विद्यार्थीहरूको स्तर निर्धारण गर्न, कक्षोन्नति गर्न, श्रेणीमापन गर्न र छुट्टयाउन र पाठ्यक्रमले तोकेका सिकाइउपलब्धी पूरा भए नभएको जानकारी लिई थप सिकाइ गराउन विद्यार्थी मूल्याङ्कन अपरिहार्य छ । शिक्षकलाई तालिममा मूल्याङ्कन सम्बन्धि ज्ञान, सीप र धारणा प्रदान गरिएको हुन्छ । दैनिक पाठ समाप्ती पछि निरन्तर मूल्याङ्कन गरी रेकर्ड राख्ने, मूल्याङ्कनका औपचारिक र अनौपचारिक विषयगत तथा वस्तुगत साधनहरू प्रयोग गर्ने, प्रश्न निर्माण र प्रयोग गर्ने सीप दक्ष एवं तालिम प्राप्त शिक्षकमा हुन्छ र हुनु पर्दछ भन्ने मान्यता राखिन्छ । कक्षा अवलोकन तथा रुजुसूचीका आधारमा शिक्षकहरूले गरेको विद्यार्थी मूल्याङ्कनको अवस्था लाई विश्लेषण गर्दा उद्देश्यअनुरूप मूल्याङ्कन, मूल्याङ्कनमा सबै विद्यार्थी सहभागी गराइएको, ठिक उत्तरलाई पुनर्वल प्रदान, सम्पूर्ण विषयवस्तु समेट्ने गरी प्रश्न निर्माण, क्रमिक रूपमा पृष्ठपोषण प्रदान र विषयगत एवं वस्तुगत दुवै प्रश्नहरूको उपयोग जस्ता मूल्याङ्कन गर्ने सीप क्रमशः १५, १२, १८, १२, १०, र १५ जनाले प्रयोग गरेको पाइयो भने क्रमशः ५, ८, २, ८, १० र ५ जनाले मूल्याङ्कनसँग सम्बन्धित उक्त सीपलाई प्रयोगमा नल्याएको पाइयो ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने छनोटमा परेका जम्मा २० जना शिक्षक मध्ये मूल्याङ्कनका विभिन्न सीपहरूलाई शिक्षणका क्रममा प्रयोग गर्ने शिक्षकहरू ७०% भन्दा बढी रहेका र प्रयोग गर्नेहरूको प्रयोगको अवस्था उत्तम रहेको देखिन्छ । कतिपय शिक्षकहरुले उक्त सिपहरु प्रयोगगर्न नसक्नुमा तिनीहरुमा दक्षतामा कमि, विद्यार्थी चाप वढि र दरवन्दी कम भएका विद्यालयमा शिक्षकहरुमा कार्यभार वढि र समय अभाव रहेको पाइयो।

### ४.२.८ पाठको अन्तमा सारांश र निष्कर्ष

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका क्रममा विषयवस्तुलाई प्रष्ट्याउन धेरै उदाहरण, प्रसङ्ग र क्रियाकलाप प्रयोगमा ल्याइन्छन् तर विद्यार्थीहरूलाई पाठको अन्त्यमा सारांश वा निष्कर्ष बताइदिएमा बुझ्न र दिगो स्मरणका लागि महत्वपूर्ण सहयोग पुग्दछ । अवलोकनका क्रममा प्राप्त सारांश र निष्कर्षको स्थिति सम्बन्धी सूचनालाई विश्लेषण गर्दा विषयवस्तुको सारांश र निष्कर्ष बताउने, सबै विषय समेट्ने गरी सारांश र निष्कर्ष दिने र गृहकार्य प्रदान गर्ने शिक्षक सङ्ख्या क्रमशः १४, १४ र १८ रहेको र उक्त सीपहरू प्रयोग नगर्ने शिक्षक सङ्ख्या क्रमशः ६, ६ र २ रहेको पाइयो । विषयवस्तुको सारांश सम्बन्धि सीप प्रयोग गर्ने शिक्षक मध्ये क्रमशः १२, १० र १२ जनाको उक्तम अवस्था र क्रमशः २, ४ र ६ जनाको अवस्था मध्यम प्रकारको देखियो ।

पाठ्यक्रमले तोकेका उद्देश्यहरू विद्यार्थीहरूमा हासिल गराउनका लागि सिकाइमा अभ्यास गराइराख्नु पर्ने, विषयवस्तु दोहोऱ्याइ राख्नु पर्ने, मूख्य मूख्य विषयवस्तुलाई निष्कर्षको रूपमा बताई स्मरण गर्न लगाइराख्ने, पाठको रुचीपूर्ण समाप्ती, समयसीमा भित्र पाठ समाप्ती तथा सबै विषय समेट्ने गरी उद्देश्यसँग मेल खानेखालका प्रश्नहरू समेटी गृहकार्य दिने गर्नु पर्दछ । प्रायजसो सबैले अभ्यासमा भएका क्रियाकलापहरू गरेर ल्याउन गृहकार्यको रूपमा काम दिने गरेको पाइयो भने सारांश तथा निष्कर्ष बताइदिने शिक्षक सङ्ख्या समेत सन्तोषजनक पाइयो । त्यसैगरी पाठको सारांश तथा निष्कर्ष सम्बन्धी सीपको प्रयोगको अवस्था समग्रमा उत्तम रहेको पाइयो ।

### ४.२.९ शिक्षण सुधार योजना तयारी र प्रयोगको अवस्था

टी.पी.डी. तालिम पश्चात प्रत्येक शिक्षकले शिक्षण सुधार योजना तयारी गरी त्यसको प्रभावकारी रूपमा प्रयोग गर्नु पर्ने हुन्छ । प्रत्येक शिक्षकले यो योजना ६/६ महिनामा (बैसाख देखि असोज र कार्तिक देखि चैत्रसम्म) का लागि तयार गर्नु पर्ने, ६/६ महिनामा लक्ष्य प्राप्त गर्न सक्ने हुनु पर्ने र सबै विद्यार्थीले देख्न सक्ने गरी आफूले शिक्षण गर्ने कक्षाकोठाको भित्तामा र प्र.अ. कक्षमा टाँस्नु पर्ने नीतिगत प्रावधान छ । यस योजनामा शिक्षकले विद्यार्थीको औषत उपलब्धि मूख्य ३ विषयको, स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोगको स्थिति, प्रतिदिन क्रियाकलाप विवरण तयारी सहितको शिक्षण गरेका पाठ सङ्ख्या प्र.अ.बाट प्रभावकारी शिक्षणका लागि सहयोगको स्थिति, स्रोतव्यक्ति/

प्रशिक्षकबाट शिक्षक विद्यालयलाई अनुगमन सहायता एवं शैक्षणिक परामर्श जस्ता सूचकको मौजुदा स्थिति, अपेक्षित लक्ष्य, लक्ष्य पूरा गर्न सम्पादन गर्ने कार्यहरू र प्रगति उल्लेख गरी योजना बनाउनु पर्ने, सोही बमोजिम लक्ष्य प्राप्त गर्ने गरी शिक्षण सुधार गर्नु पर्ने हुन्छ। शिक्षण सुधार योजनाको ढाँचा अनुसूची ७ मा देखाइएको छ।

अध्ययनको लागि छनोटमा परेका शिक्षकहरूको कक्षा अवलोकन र प्र.अ. तथा शिक्षकसँगको प्रश्नावलीका आधारमा शिक्षण सुधार योजनाको निर्माण र कार्यान्वयनको अवस्था बारे अध्ययन गर्दा जम्मा २० जना शिक्षक मध्ये १७ जना शिक्षकहरूले शिक्षण सुधार योजना निर्माण गरेको पाइएतापनि ३ जना शिक्षकले मात्र कक्षाकोठाको भित्तामा टाँसेको र बाँकी शिक्षक मध्ये १० जना शिक्षकले कार्यालय कक्षमा टाँसेको र ४ जना शिक्षकहरूले त्यत्तिकै च्याकमा राखेको पाइयो। शिक्षण सुधार योजना ६/६ महिनामा अध्यावधिक गरी सो को प्रगती विवरण सार्वजनिक गर्नु पर्ने नीतिगत व्यवस्था भएतापनि सो अनुरूप भएको पाइएन। शिक्षण सुधार योजनामा उल्लेखित सूचकहरूको अवस्था बारे छलफल गर्दा अङ्ग्रेजी र गणित विषयको औसत उपलब्धी अपेक्षित लक्ष्य अनुरूप हासिल गर्न नसकिएको र बाँकी विषयमा उपलब्धि सन्तोषजनक रहेको पाइयो। स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षिक समाग्रीको प्रयोगको स्थिति मध्यम अवस्थामा रहेको पाइयो। त्यसै गरी प्रतिदिन क्रियाकलाप तयारी सहितको शिक्षण गरेको पाठ सङ्ख्या बारेमा छलफल गर्दा लिखित क्रियाकलाप तयार गर्ने शिक्षक १० जना रहेको र बाँकी शिक्षकले मानसिक रूपमा मात्र तयारी गरी शिक्षण गर्ने गरेको पाइयो। त्यसैगरी प्र.अ.बाट शिक्षणमा सहयोगको अवस्था सन्तोषजनक रहेको र स्रोतव्यक्ति तथा प्रशिक्षकबाट अनुगमन तथा परामर्श न्यून रहेको प्रतिक्रिया छनोटमा परेका शिक्षकबाट प्राप्त भयो।

यस अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शिक्षकहरूबाट शिक्षण सुधार योजनाको निर्माण अद्यावधिक भएको छैन, प्रयोगको अवस्था कमजोर छ, अपेक्षित उपलब्धि प्राप्त हुन सकेको छैन र अनुगमन, सुपरिवेक्षण र परामर्श सेवा समेत पर्याप्त मात्रामा उपलब्ध नभएको पाइन्छ।

## ४.३ शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्याहरू

तालिमले शिक्षकमा सैद्धान्तिक ज्ञान वृद्धि गर्नुको साथै उक्त सैद्धान्तिक ज्ञानलाई व्यवहारिक बनाई विद्यार्थीसम्म सरल र प्रभावकारी तबरबाट सेवा पुर्‍याउनका लागि

आवश्यक पर्ने सीप विकास गर्न मद्धत गर्दछ । अध्ययनकर्ताले शिक्षकका तालिमको प्रयोगमा देखा परेका समस्याहरू पत्ता लगाउने सन्दर्भमा स्थलगत सर्वेक्षण, लक्षित समूहसँग छलफल तथा शिक्षक, अभिभावक, प्र.अ., वि.व्य.स. अध्यक्ष र स्रोतव्यक्तिसँग गरिएको प्रश्नावली र अन्तर्वार्ताबाट प्राप्त जवाफ र प्रतिक्रियाका आधारमा निम्नानुसारका समस्याहरू देखिएका छन् जस्तै तालिम प्रभावकारी हुन नसक्नु, आर्थिक स्रोतको अभाव, पर्याप्त शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु, भएका सामग्रीहरूको उचित संरक्षण र प्रयोग हुन नसक्नु, सबै शिक्षकलाई तालिम अवसर प्राप्त नहुनु, बीचबीचमा अल्पकालीन एवं पुनर्ताजगी तालिम उपलब्ध नहुनु, तालिम सञ्चालन तथा प्रयोगको अनुगमनको अभाव, शिक्षक दरबन्दीमा कमि तथा कार्यबोझ वढि, शिक्षकमा पेशागत निष्ठा, तत्परता र इच्छाशक्तिको अभाव, वि.व्य.स., शि.अ.संघ, अभिभावकहरू तथा विद्यार्थीहरूमा तालिमको महत्व सम्बन्धी सचेतनाको अभाव, तालिमको प्रयोग अन्तर्गतका सबै क्रियाकलापहरू सञ्चालन गर्न समयको अभाव,उचित पुरस्कार र दण्डको व्यवस्था नहुनु र आकर्षक सेवा सुविधाको अभाव आदि जस्ता विविध समस्याहरू पाइएका छन् । तालिमको प्रयोग सम्बन्धी समस्याहरूलाई बुँदागत रूपमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ तालिमको प्रभावकारिता सम्वन्धी समस्या

अनुसूचीहरूमा उल्लेखित प्रश्नावली तथा छलफलका आधारमा प्राप्त सूचनाहरूलाई विश्लेषण गर्दा शिक्षकको रुची र आवश्यकता अनुरूप तालिम उपलब्ध नभएको, तालिमको समयमा तालिमको औचित्य, उद्देश्य र मर्मअनुरूप तालिमको सञ्चालन नभएको, कतिपय तालिम दिने प्रशिक्षकमा दक्षताको कमि, तालिम कार्यशालाको सम्बन्धित पक्षबाट अनुगमन, निरीक्षण नहुँदा तालिममा प्रयोगात्मक रूपमा सीप सिक्ने सिकाउने भन्दा पनि तालिम लिने र दिने दुवै पक्षबाट छिटो सक्ने, रेकर्ड मिलाउने र प्रमाणपत्र लिने जस्ता कुरामा बढी ध्यान दिइएको, तालिम केन्द्र सुगम नहुँदा र तालिम भत्ता लगायतका सेवा सुविधा आकर्षक नहुँदा प्रशिक्षक र प्रशिक्षार्थी दुवैमा पर्याप्त उत्साह र जोश जाँगर र तत्परता नदेखिएको पाइन्छ । त्यसै गरी शिक्षकहरूमा तालिम लिन पाउनु राम्रो अवसर हो, तालिममा मैले धेरै कुरा सिक्नु पर्छ, तालिम शिक्षण कार्यको अभिन्न अङ्ग हो र तालिमबाट प्राप्त ज्ञान र सीपलाई कार्यक्षेत्रमा व्यवहारमा उतार्नु पर्छ त्यो हाम्रो जिम्मेवारी हो भन्ने दृढ इच्छाशक्तिमा कमि रहेकोले तालिम प्रभावकारी हुन नसक्नु समस्याको रूपमा रहेको देखिन्छ ।

### ४.३.२ भौतिक वातावरण अनुकुल नहुनु

शिक्षक तालिमको प्रयोगमा विद्यालय तथा कक्षाकोठाको भौतिक वातावरणले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । शोधकर्ताको स्थलगत अवलोकन, छलफल निर्देशिका र प्रश्नावलीका आधारमा प्राप्त प्रतिक्रियाअनुसार विद्यालयको भौतिक वातावरण अनुकूल र प्रयाप्त नहुनु समस्याको रूपमा रहेको छ । विद्यालयमा पुस्तकालय र प्रयोगशाला नहुनु, विद्यार्थी सङ्ख्याका आधारमा कक्षाकोठाहरू साँघुरा हुनु, विद्यार्थीको स्तर, उमेर अनुसार फर्निचर नहुनु, पर्याप्त शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु, कक्षाकोठाको झ्यालढोका, भूईं र भित्ता व्यवस्थित नहुनु, उपयुक्त शैक्षिक सामग्री राख्ने र्‍याक नहुँदा शैक्षिक सामग्री संरक्षण र भण्डारण गर्न नसक्नु समस्याको रूपमा रहेको पाइन्छ ।

### ४.३.३ शैक्षिक वातावरण सँग सम्वन्धित समस्याहरु

अनुसूची १ को प्रश्नावली र अनुसूची ४ को छलफल निर्देशिकाबाट प्राप्त सूचनाको आधारमा कक्षागत दरबन्दीको अभाव, अध्ययनका लागि छनोटमा परेका कतिपय विद्यालय अपग्रेडिङ गरी प्रस्तावित रूपमा चलाइरहेको र दरबन्दी उपलब्ध नभएकाले निजी स्रोतमा आंशिक तालिम प्राप्त शिक्षकबाट शिक्षण भइरहेको अवस्था, विद्यार्थीको चाप बढी शिक्षक सङ्ख्या कम हुँदा प्रति पिरियड ३ वटा कक्षासम्म पनि १ जना शिक्षकले शिक्षण गर्नु पर्ने बाध्यता, प्रत्येक दिन १० बजे देखि ४ बजेसम्म कुनै घण्टि लिजर नहुँदा शिक्षकलाई पाठयोजना निर्माण, शैक्षिक सामग्री निर्माण र सङ्कलन गर्न समय उपलब्ध नहुने, शिक्षकहरूमा शिक्षणभार बढी हुँदा तालिमको मर्म अनुरुप शिक्षण गर्न नसकिएको अवस्था, विशेष गरी ग्रामिण क्षेत्रमा विद्यार्थीमा बढी अनियमितता, अभिभावकबाट विद्यार्थीको पठनपाठनमा चासो नदिनु, आवश्यक सामग्री जस्तै कापी, कलम, किताब आदि स्टेशनरी सामग्री समयमा उपलब्ध नगरिदिनु, गृहकार्यको बारे ख्याल नगर्नु, विद्यालयमा राजनैतिक प्रभाव, बन्द हड्ताल समेतको असर हुनु, वि.व्य.स., शिक्षक अभिभावक संघ र अभिभावकमा तालिम सम्बन्धी चेतनाको अभाव, शिक्षकका पेशागत सुरक्षा, सेवा र सुविधा आकर्षक र भरपर्दो नहुँदा शिक्षणमा मात्रै पूर्ण समर्पित हुन नसक्नु, विद्यालय समय बाहेक शिक्षकले आफ्ना घरायसी व्यवहारिक काममा व्यस्त हुनु पर्ने बाध्यताले तालिममा सिकेका सबै सीप र क्रियाकलापलाई व्यवहारमा उतार्न वा त्यसका लागि पूर्व तयारी गर्न नसक्नु, बढी लगनशिल र मेहनती शिक्षकलाई पुरस्कार र हौसला प्रदान गर्ने परिपाटी नहुनु र

कामचोर अल्छी र पेशाप्रति निष्ठा र इमान्दारिता नभएका शिक्षकलाई उचित कारवाही र दण्डित गर्ने व्यवस्था नहुँदा कर्मठ शिक्षकमा नैराश्यता हुनु जस्ता कुराहरूले शिक्षक तालिम पयोगमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपले प्रभाव पार्ने हुँदा यी शैक्षिक वातावरणसँग सम्बन्धित कुराहरू समस्याको रूपमा रहेका छन् ।

### ४.३.४ अनुगमन तथा सुपरिवेक्षण को अभाव

शिक्षकले तालिम लिइसके पश्चात शिक्षणमा तालिमको प्रभावकारी प्रयोगका लागि तालिम प्रदान गर्ने निकाय शैक्षिक जनशक्ति विकास केन्द्र तथा शैक्षिक तालिम केन्द्रहरू, तालिमसँग सम्बन्धित निकायहरू जि.शि.का., स्रोतकेन्द्र, वि.व्य.स., प्र.अ.बाट शिक्षक तालिमको प्रयोग अवस्थाको प्रभावकारी अनुगमन, सुपरिवेक्षण र पृष्ठपोषण गरिनु पर्ने नीतिगत प्रावधान भएपनि अनुसूची ४ को प्रश्नावलीका आधारमा शिक्षक तालिमको प्रयोगको प्रभावकारी अनुगमन र सुपरिवेक्षण हुन नसकेको, यसलाई औपचारिकतामा मात्र सीमित राखिएको र शिक्षकहरूलाई उचित मार्गदर्शन, परामर्श र सहयोग नपुगेको हुँदा यो समस्याको रूपमा रहेको जानकारी प्राप्त भएको छ ।

### ४.३.५ विद्यालयको कमजोर आर्थिक अवस्था

विद्यालयको भौतिक एवं शैक्षिक वातावरण सुदृढ गर्न, शिक्षकहरूलाई आकर्षक सेवा सुविधा थप गर्न, तालिमको प्रयोग गर्न आवश्यक पर्ने सामग्री व्यवस्थापन गर्न र शिक्षकहरूलाई प्रोत्साहन र पुरस्कार प्रदान गर्न पर्याप्त आर्थिक स्रोत उपलब्ध हुनु पर्ने तर विद्यालयहरूमा कमजोर आर्थिक अवस्था रहेकाले यो प्रमुख समस्याको रूपमा रहेको राय छनोटमा परेका शतप्रतिशत शिक्षकबाट प्राप्त भएको छ ।

## ४.४ शिक्षक तालिमको प्रयोगमा आइपरेका समस्या समाधानका उपायहरू

शिक्षक तालिमको प्रयोगमा आइपरेका समस्याहरू समाधान गर्ने उपायहरू के के हुन सक्लान् ? के कस्ता कुराहरू उपलब्ध भएमा तालिमको प्रभावकारी रुपमा प्रयोग हुन सक्ला ? के कस्ता तत्वहरूले शिक्षक तालिमको प्रयोगमा प्रभाव पारिरहेको छ भनी शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा विद्यार्थी र अभिभावकहरू समेतबाट प्रश्नावली र छलफल गरी राय, सुझाव सङ्कलन गरिएको थियो । समग्रमा छनोटमा परेका

व्यक्तिहरूबाट प्राप्त जानकारी अनुसार शिक्षकका तालिम आवश्यकताहरूको पहिचान गरी तालिम दिइनु पर्ने, प्र.अ. तथा वि.व्य.स.लाई समेत व्यवस्थापन सम्बन्धी तालिम उपलब्ध गराइनु पर्ने, तालिम प्रभावकारी र प्रयोगात्मक एवं व्यवहारिक हुनु पर्ने, विद्यालयको भौतिक व्यवस्थापन सुदृढ गराइनु पर्ने र तालिमको प्रयोग गर्न अनुकूल किसिमको हुनु पर्ने, कक्षागत शिक्षक दरबन्दी हुनु पर्ने, शैक्षिक सामग्रीको व्यवस्था, संरक्षण र भण्डारणको व्यवस्था हुनु पर्ने, समय समयमा अल्पकालीन र पुनर्ताजगी तालिम उपलब्ध हुनु पर्ने, तालिमको प्रयोगको अनुगमन, सुपरिवेक्षण गरि आवश्यक पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्ने, शिक्षकका पेशागत सेवा सुविधा र सुरक्षाको अवस्था विश्लेषण गरी उचित प्रबन्ध गर्नु पर्ने, शिक्षकमा पेशाप्रति इमान्दारिता, दक्षता, जिम्मेवारीबोध र आत्मगौरव हुनु पर्ने र तालिमको महत्व र आवश्यकताबारे सरोकारवालाहरू सबैमा जानकारी हुनु पर्ने जस्ता राय सुझावहरू प्राप्त भएका थिए । जसलाई बुँदागत रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ आवश्यकताको पहिचान

अध्ययनको लागि छनोटमा परेका शिक्षकहरू कतिपयले आइ.एड., बी.एड. र कतिपयले १० महिने सेवाकालीन तालिम लिएको पाइन्छ । सबैका आवश्यकता समान छैनन् जस्तै कसैलाई योजना निर्माण सम्बन्धी, कसैलाई कक्षा व्यवस्थापन, कोहिलाई शैक्षिक सामग्री निर्माण छनोट र प्रयोग र कतिपय शिक्षकलाई शिक्षण विधि तथा परीक्षा र मूल्याङ्कन सम्बन्धी तालिम आवश्यक पर्दछ । तसर्थ शिक्षकका आवश्यकता पहिचान गरी तालिम दिइनु पर्ने राय सबैजसो शिक्षकबाट प्राप्त भयो ।

### ४.४.२ तालिम प्रभावकारी र भरपर्दो हुनु पर्ने

दक्ष एवम् अनुभवी प्रशिक्षकवाट शिक्षकका आवश्यकतालाई ख्याल गरि प्रयोगात्मक रुपमा, तालिम दिइनुपर्ने ,शिक्षकहरुले तत्परता एवम् सक्रियताकासाथ तालिम लिनुपर्ने,तालिमको मर्मलाई आत्मसाथ गर्नुपर्ने,तालिम सरल,सहज र वयवहारिक हुनुपर्ने,तालिम कार्यशालाको अनुगमन हुनुपर्ने, अनुकुल तालिम केन्द्र,अनुकुल समय र आकर्षक तालिम भत्ताको व्यवस्था हुनुपर्ने जस्ता कुराहरुलाई तालिमको प्रभावकारिता अन्तर्गत समस्या समाधानको उपायको रुपमा उल्लेख गरिएको छ ।

### ४.४.३ पुनर्ताजगी तालिमको व्यवस्था

समय समयमा पाठ्यक्रम परिमार्जन भइरहने, लामो समयको अन्तरालमा कतिपय कुराहरू बिर्सने र नवीनतम प्रविधि अनुकूलका तालिम आवश्यक पर्ने हुँदा पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्ने शतप्रतिशत शिक्षक र प्र.अ.को अभिमत पाइयो ।

### ४.४.४ विद्यालयको भौतिक पक्ष सुदृढ बनाइनु पर्ने

विद्यालयहरूमा कक्षाकोठा साँघुरा र असुरक्षित रहेका, शैक्षिक सामग्रीको भण्डारण र संरक्षण गर्ने र्‍याक, दराज नभएको, प्रयोगात्मक एवम् पुरक सामाग्रीको अभाव, फर्निचर स्तरीय नभएको र तालिमको मर्मअनुसार क्रियाकलाप गर्न पर्याप्त शै.सा.नहुँदा चाहेर पनि तालिममा सिकेका सीपलाई प्रयोग गर्न नसकिएकोले भौतिक पक्ष सुदृढ हुनु पर्ने धारणा ८०% शिक्षकहरुबाट प्राप्त भएको छ ।

### ४.४.५ विद्यालयमा उपयुक्त शिक्षक दरबन्दी हुनुपर्ने

अध्ययनका क्रममा शिक्षक, वि.व्य.स., प्र.अ., अभिभावकहरू समेतबाट प्राप्त सुझावअनुसार विद्यालयमा प्रा.तहमा कक्षागत एवं नि.मा. तहमा विषयगत रूपमा उचित दरबन्दी हुनु पर्ने, प्रस्तावित विद्यालयहरूमा कम दरबन्दी, आंशिक ताालिम प्राप्त एवं निजी स्रोतमा कम वेतन भएका शिक्षक रहेकोले पूर्ण स्वीकृत दरबन्दी उपलब्ध गराई तालिम, सेवा, सुविधा र पेशागत सुरक्षाको ग्यारेण्टी भएमा शिक्षकहरूमा शिक्षणमा मात्र निर्धक्क भएर समर्पित हुने वातावरण सिर्जना हुन्छ तसर्थ शिक्षक दरबन्दी उपयुक्त र पर्याप्त हुनु पर्ने राय सबैको पाइयो ।

### ४.४.६ नियमित अनुगमन तथा सुपरिवेक्षण हुनुपर्ने

शिक्षकहरूको तालिमको प्रयोगको अवस्था के कस्तो छ, शिक्षकले के कस्ता समस्या झेल्नु परेको छ, कसरी तालिमको प्रयोगमा देखिएका समस्या समाधान गर्ने भन्ने बारे तालिम प्रदायक संस्था, नीति निर्माता, जि.शि.का., वि.व्य.स., प्र.अ. जस्ता आधिकारिक जिम्मेवार संस्थाले निरन्तर निरीक्षण, अनुगमन, सुपरिवेक्षण, सहयोग र समस्या समाधानमा विशेष पहल गर्नुपर्ने राय सबै शिक्षकहरूको रहेको पाइयो ।

### ४.४.७ पुरस्कार र दण्डको व्यवस्था र शिक्षकहरूमा प्रतिवद्धता

समान सेवा सुविधा हुने तर कार्यबोझ घटीबढी हुने, कतिपय विद्यालयका कतिपय शिक्षकहरू परम्परागत रूपमा नै चलेकै छ भन्ने धारणा भएका र जागीर पचाउने मनस्थितिका रहेका हुँदा कर्तव्यनिष्ठ एवं इमान्दार र लगनशील शिक्षकहरूमा समेत त्यसको असर पर्ने, नैराश्यता देखा पर्ने हुँदा सो को असर तालिमको प्रयोगमा पनि परेकाले कामको कदर गरि उचित पुरस्कार र दण्डको नीति अपनाउनु पर्ने, त्यसैगरी शिक्षकहरूले पनि पेशाप्रति इमान्दार, जिम्मेवार र समर्पित भई आत्मगौरव, सकारात्मक सोचका साथ प्रतिवद्ध रहनु पर्दछ भन्ने राय सबै शिक्षकहरू तथा प्र.अ.हरूबाट प्राप्त भएको हुँदा पुरस्कार र दण्डलाई समस्या समाधानको उपायको रूपमा लिइएको हो ।

### ४.४.८ नीतिगत व्यवस्था

शिक्षाका नीति, कार्यक्रम प्रचलित नियम, ऐन, कानुनमा समेत शिक्षक तालिमको प्रयोगलाई समाविष्ट गरि शिक्षकका बढुवा, घटुवा, पुरस्कार, दण्ड र कारवाहीको प्रक्रिया लागू गर्नु पर्ने समेत ७५% जति शिक्षक तथा अभिभावकहरुबाट राय सुझाव प्राप्त भएको थियो ।

# परिच्छेद पाँच प्राप्ति, निष्कर्ष र सुझावहरू

प्रस्तुत **शिक्षक तालिमको प्रयोग** नामक शोधकार्य पूरा गर्ने क्रममा धनकुटा जिल्ला सिंधुवा स्रोतकेन्द्र अन्तर्गतका १० वटा सामुदायिक विद्यालयहरूमा केन्द्रित रहेर तोकिएका उद्देश्यहरू प्राप्तिका लागि सूचनाहरू सङ्कलन गर्न शिक्षक, प्र.अ, वि.व्य.स. अध्यक्ष र स्रोतव्यक्तिसँग प्रश्नावली, शिक्षकहरूको कक्षा अवलोकन फाराम तथा कक्षा अवलोकन रुजुसूची र सम्बन्धित पक्षसँग छलफल एवं अन्तर्क्रिया जस्ता साधन प्रयोग गरिएको थियो । उक्त साधनहरूको प्रयोगबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरूको व्याख्या र विश्लेषण पश्चात अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनमा उद्देश्यअनुरूपका सूचनाहरूको सङ्कलन गरी व्याख्या र विश्लेषण पश्चात प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

छनोटमा परेका जम्मा २० जना शिक्षक मध्ये १० जनाले १० महिने सेवाकालिन तालिम लिएका, अन्यले आइ. एड. तथा वि एड. गरेका र सवैले हाल टिपिडी तालिम लिइरहेको पाइयो । तालिम वाट कक्षा व्यवस्थापन अन्तर्गत सिकेका सवै सीपहरुलाई अधिकांश शिक्षकहरुले प्रयोग नगरेको र यसरी प्रयोग हुन नसक्नुमा मुख्यतः आर्थिक एवम् भौतिक समस्या रहेको र शिक्षकमा जोस जाँगर र सक्रियतामा कमि रहेको पाइयो । शिक्षणको लागि पूर्व तयारीको अवस्था अन्तर्गत पाठनोट (पाठयोजना) निर्माण, शिक्षण सामग्री तयारी, विषयवस्तुको अध्ययन र स्रोतसाधनहरूको व्यवस्थापन क्रमशः ५, १०, १५ र १० जनाले मात्र गरेको पाइयो र बाँकी शिक्षकले यी कुरामा ध्यान नदिएको पाइयो । विषयवस्तुको प्रस्तुतीसँग सम्बन्धित सीपअन्तर्गत विद्यार्थीमा उत्प्रेरण जगाउने कार्य, पूर्वपाठको पुनरावलोकन एवं विद्यार्थीमा पूर्वज्ञानको पहिचान, उपयुक्त विषयवस्तुको छनोट, विषयवस्तुको क्रमवद्ध प्रस्तुती सम्बन्धित उदाहरणको प्रयोग र विषयवस्तु अनुरूपको सामग्रीको प्रयोग क्रमशः १२, १५, १५ , ११, १६ र १० जना शिक्षकले गरेको पाइयो बाँकी शिक्षकले नगरेको पाइयो । विषयवस्तुको प्रकृति अनुरुप उपयुक्त शिक्षण विधिको छनोट गरी प्रयोग गर्ने शिक्षक सङ्ख्या १५ जना पाइयो भने बाँकीले पाठ्यवस्तु अनुरूप उपयुक्त शिक्षण विधि चयन गरी प्रयोग गर्न नसकेको देखियो । त्यसैगरी आवश्यकता अनुसार शिक्षण विधि

परिवर्तन गरी शिक्षण गर्ने शिक्षक १० जना मात्र रहेको  र ५ जनाको मात्र उत्तम अवस्था रहेको पाइयो । समग्रमा छनोटमा परेका शिक्षक मध्ये आधाजसोले मात्र उपयुक्त शै.सा. निर्माण र छनोट सम्बन्धी सीपलाई प्रयोग गरेको, विषयवस्तुको प्रकृति अनुरूपको शै.सा. प्रयोग गर्ने र विद्यार्थी शिक्षक निर्मित शै.सा. प्रयोग गर्ने शिक्षक सङ्ख्या न्यून रहेको र १२ जना शिक्षकले मात्र विषयवस्तु अनुरूप क्रमवद्ध रूपमा शै.सा. प्रयोग गरेको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन अन्तर्गत विद्यार्थीमा उत्प्रेरणा जगाउने, सामुहिक क्रियाकलाप गर्ने, विद्यार्थीलाई प्रश्न सोध्ने र सोचेर उत्तर भन्न लगाउने शिक्षकहरूको सङ्ख्या न्यून रहेको, विद्यार्थीहरूमा पथप्रदर्शनात्मक भूमिका निर्वाह गर्ने, प्रशस्त अभ्यास गराउने र उचित पृष्ठपोषण दिने सङ्ख्या तुलनात्मक रूपमा राम्रो रहेको पाइयो । विद्यार्थी मूल्याङ्कन सम्बन्धी सीपको प्रयोगको अवस्थाको अवलोकन गर्दा छनोटमा परेका अधिकांश शिक्षकले उद्देश्यअनुरूप विद्यार्थी मूल्याङ्कन गरेको, सबै विद्यार्थीलाई समेटेको र विषयवस्तु समेट्ने गरी मूल्याङ्कन गरेको, १४ जना शिक्षकले राम्रो उत्तर पछि पुनर्वल प्रदान गरेको र आधाजसो शिक्षकले मात्र विषयगत एवं वस्तुगत दुवै प्रश्नको प्रयोग गरेको पाइयो । अध्ययन अवलोकन गरिएका प्रायजसो सबै शिक्षकहरूले पाठको अन्त्यमा सारांश वा निष्कर्ष बताइदिने गरेको र सबैले गृहकार्य दिने गरेको पाइयो भने गृहकार्य परीक्षण गर्न समयको अभाव हुँदा शिक्षकको सहयोगमा विद्यार्थीहरूबाट समेत करेक्सन गराउने गरेको पाइयो ।

विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई अनिवार्य रूपमा तालिम दिलाउने सरकारी नीति र हालसम्ममा स्वीकृत दरबन्दीका सबैजसो शिक्षक तालिम पूरा भएका भएतापनि तालिमको प्रयोगको अवस्था समग्रमा राम्रो नभएको पाइयो । अध्ययनबाट प्राप्त जानकारीअनुसार शिक्षक तालिमको अधिकतम प्रयोग नहुनमा विद्यालयको कमजोर आर्थिक एवं भौतिक अवस्था, शिक्षक दरबन्दीमा कमि, शिक्षकहरुलाई आकर्षक सेवा सुविधा र पेशागत सुरक्षा उपलव्ध नहुनु, शिक्षकहरूमा पेशाप्रति निष्ठा, लगानशिलता र इच्छाशक्तिको अभाव, निरन्तर अनुगमन र सुपरिवेक्षण नहुनु, पुरस्कार दण्डको व्यवस्था नहुँदा कर्तव्यनिष्ठ शिक्षकमा पनि जाँगर, उत्साह र सिर्जनशीलता हराउँदै जानु, आवश्यकता अनुसार पुनर्ताजगी तालिमको व्यवस्था नहुनु र विद्यालयसँग सम्बन्धित सरोकारकारवालाहरूमा तालिम सम्वन्धी चेतनाको कमि जस्ता कारणले शिक्षक तालिमको प्रयोगमा समस्या रहेको पाइयो ।

शिक्षकहरुले तालिमवाट सिकेका ज्ञान,सिप र अनुभवहरुलाई शिक्षणको क्रममा अधिकतम एवम् प्रभावकारी रुपमा प्रयोग गर्न सर्वप्रथम शिक्षक तालिम प्रभावकारी हुनुपर्ने, विद्यालयको भौतिक एवम् आर्थिक पक्ष सुदृढ वनाउनु पर्ने, कक्षा र विषय अनुसार उपयुक्त शिक्षक दरवन्दी सिर्जना गरी आकर्षक सेवा सुविधा उपलव्ध गराउनु पर्ने र पेशागत सुरक्षाको ग्यारेन्टी हुनुपर्ने, आवश्यकता अनुरुप पुनर्ताजगी तालिम दिलाइनु पर्ने ,शिक्षक तालिमको प्रयोगको नियमित अनुगमन र सुपरिवेक्षण हुनुपर्ने ,शिक्षकको कार्यको मुल्याङ्कन गरी उचित पुरस्कार र दण्डको व्यवस्था  गर्नुपर्ने, शिक्षकहरुले पेशाप्रती समर्पित भई पेशागत मर्यादा र जिम्मेवारीकासाथ कार्य गर्नुपर्ने र विद्यालयका सरोकारवालाहरु सवैमा शिक्षक तालिमको औचित्य, महत्व,प्रभावकारिता र प्रयोगको अवस्था वारे सचेतना हुनुपर्ने जस्ता कुराहरु शिक्षक तालिमको प्रयोगमा देखापरेका समस्या समाधानका उपायहरु हुन भन्ने राय सुझाव शोधकर्ताको स्थलगत अवलोकन,छनोटमा परेका व्यक्ति सँगको अन्तर्वाता,प्रश्नावली र छलफल वाट प्राप्त भयो ।

## ५.२ निष्कर्ष

अध्ययनबाट प्राप्त जानकारी अनुसार छनोटमा परेका २० शिक्षक मध्ये सरकारी दरबन्दीका सबै शिक्षक तालिम पूरा गरेका र निजीस्रोतका ४ जना शिक्षकहरूले आंशिक तालिम लिएका र हाल सवैले टिपिडी तालिम लिइरहेको पाइयो । यि विभिन्न किसिमका तालिमवाट शिक्षकहरुले असल कक्षा व्यवस्थापन गर्ने, शिक्षण योजनाहरु निर्माण गर्ने, शैक्षिक सामाग्रीहरु निर्माण र प्रयोग गर्ने, विषयवस्तु अनुरुप शिक्षण विधि छनोट गरी शिक्षण गर्ने, पाठ्यक्रमले तोके वमोजिम विद्यार्थीको मुल्याङ्कन गर्ने जस्ता सीपहरु सिकेका,त्यसैगरी सिकाइका सिद्धान्तहरु र वालमनोविज्ञान वारे ज्ञान हासिल गरेका तर यि सवै ज्ञान सीप र अनुभवलाई शिक्षकहरूले शिक्षणमा प्रयोग नगरेको र अझपनि परम्परागत तरिकाले नै शिक्षण गर्ने सङ्ख्या पनि केही रहेको पाइयो । शिक्षक तालिमको प्रयोगमा भौतिक वातावरण अनुकूल नहुनु,कतिपय विद्यालयहरुमा शिक्षक  दरबन्दी कम भई कार्यवोझ वढि रहेको, शिक्षकका सेवा सुविधा अकर्षक र भरपर्दो नहुनु र पेशागत सुरक्षा नहुदा पेशाप्रति आत्म गौरव,तत्परता र इच्छाशक्तिमा कमि हुनु,सम्बन्धित पक्षबाट निरन्तर अनुगमन र सुपरिवेक्षण नहुनु,आवश्यकताअनुसार पुनर्ताजगी तालिम उपलव्ध नहुनु र शिक्षक तालिमको प्रयोगको अवस्था मूल्याङ्कन गरी उचित प्रोत्साहन,पुरस्कार तथा दण्ड

प्रदान गर्ने नीति नहुदा कर्तव्यनिष्ठ शिक्षकमा समेत नैराश्यता पैदा हुनु जस्ता समस्याहरु प्रमूख रहेका छन् त्यसकारण उल्लेखित समस्याहरु क्रमश: निराकरण भएमा मात्र शिक्षक तालिम अर्थपूर्ण र व्यवहारिक वन्नसक्ने यथार्थ निष्कर्ष पाइन्छ ।

## ५.३ सुझावहरू

तथ्याङ्कहरूको विश्लेषण तथा प्रस्तुतीकरण पश्चात प्राप्त भएका परिणाम र निष्कर्षका आधारमा शिक्षक तालिमको प्रयोगमा देखापरेका विद्यमान समस्याहरु निराकरण गरी तालिमको प्रयोगको अवस्थामा अपेक्षित सुधार गर्न र शिक्षक तालिमलाई उपलव्धिमूलक वनाउन निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

अध्ययनको क्रममा प्राप्त जानकारी अनुसार कतिपय तालिमहरुमा तालिमका प्रशिक्षक र प्रशिक्षार्थी दुवै पक्षवाट छिटो तालिम सिध्याउने र प्रमाण पत्र लिनेदिने कुरामा वढि ध्यान केन्द्रित भइ आवश्यकतानुरुप तालिमवाट पर्याप्त ज्ञान र सीप आर्जन गर्न नसकिएको गुनासो शिक्षकहरुमा देखिएकाले तालिम कार्यशालाको सम्वधित पक्षवाट निरीक्षण अनुगमन गर्ने नीतिगत वयवस्था हुनुपर्छ । शिक्षकहरुलाई समयसमयमा परिवर्तित परिवेश र परिमार्जित पाठ्यक्रम वारे दक्ष प्रशिक्षकवाट पुनर्ताजगी तालिम दिने नीतिगत व्यवस्था हुनुपर्छ । विद्यालयहरुमा शिक्षक दरवन्दी र भौतिक अवस्थावारे स्थलगतरुपमा यथार्थ अध्ययन गरी उचित प्रवन्ध मिलाउने व्यवस्था हुनुपर्छ । स्रोतव्यक्ति तथा विद्यालय निरिक्षकहरुले नियमित रुपमा विद्यालयको अनुगमन सुपरीवेक्षण नगरेको जानकारी अधययनको क्रममा प्राप्त भएको हुँदा सम्वन्धित पक्षवाट नियमित अनुगमन सुपरिवेक्षण गरी शिक्षकहरुलाई तालिमको प्रयोगमा आवश्यक सहयोग र मार्गनिर्देशन प्रदान गर्ने व्यवस्था हुनु पर्दछ र विद्यालय प्र.अ.लाई शिक्षणको वोझ कम गरी आवश्यक तालिम दिई शिक्षकहरुको तालिमको प्रयोगको अनुगमन गर्ने जिम्मा दिने नीतिगत व्यवस्था हुनुपर्छ । शिक्षकहरुको तालिमको प्रयोगको अवस्था मूल्याङ्कन गरी उचित पुरस्कार र दण्ड दिने नीति वनाई कार्यान्वयन गर्नु पर्छ र शिक्षकहरुको पदोन्नतीमा.तालिमको प्रयोग वापत अंक दिने नीति वनाइनुपर्ने देखिन्छ ।

## ५.३.२ कार्यान्वयनको तह

विद्यालयको व्यवस्थापन पक्षले विद्यालयको भौतिक तथा आर्थिक पक्ष सुदृढ वनाउन दाताहरुको खोजी गरी सहयोगका लागि अनुरोध गर्नुपर्ने, विभिन्न दातृ निकाय एवं सरोकारवाला संस्था तथा व्यक्तिहरुसँग अनुदान सहयोगकालागि पहल गर्नुपर्ने र स्थानिय स्रोतसाधनहरुको खोजीगरी तिनिहरुको सदुपयोग गर्नुपर्ने देखिन्छ। कक्षा व्यवस्थापनले शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा शिक्षक, प्र.अ. र वि. व्य. स.ले तालिमको प्रयोग गर्न अनुकुल  हुनेगरी कक्षा व्यवस्थापन गर्नुपर्ने हुन्छ। विशेषगरी निजि स्रोतमा सञ्चालित प्रस्तावित सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी कम भइ कार्यवोझ वढि भएकाले शिक्षकहरुले तालिमको राम्ररी प्रयोग गर्न नसकेको हुँदा त्यस्ता विद्यालयमा सम्वन्धित निकायले शिक्षक दरवन्दी उपलव्ध गराउनुपर्ने देखिन्छ। शिक्षकहरुले पनि तालिमको मर्म र भावनालाई ख्याल गरी आफुले प्राप्त गरेका ज्ञान, सीप र अनुभवलाई जिम्मेवारीकासाथ प्रयोग गर्नु पर्छ। शिक्षकहरुमा पेशाप्रति आत्मगौरवको भावना, पदिय दायित्व र जिम्मेवारीको बोध, सकारात्मक सोच, तत्परता, क्रियाशिलता र सिर्जनशिलता जस्ता गुणको विकास हुनुपर्ने देखिन्छ। शिक्षक तालिम अन्तर्गत सिकेका सीपहरूको प्रयोग भए नभएको सम्बन्धित पक्षबाट निरन्तर अनुगमन एवं सुपरिवेक्षण गर्नुपर्ने देखिन्छ। विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूबाट नीतिगत रूपमा तोकिएबमोजिम नियमित अवलोकन, सुपरिवेक्षण भएको पाइदैन। तसर्थ शिक्षक तालिमको प्रयोग गर्ने शिक्षकहरुलाई उचित पुरस्कार र प्रयोग नगर्ने शिक्षकहरुलाई आवश्यक कार्यवाही गर्नुपर्ने देखिन्छ। सवै शिक्षकहरुले शिक्षण सुधार योजना निर्माण गरी कार्यान्वयन एवं सुधार गर्नुपर्ने देखिन्छ। वि.व्य.स., शि.अ.संघ र अभिभावक जस्ता सरोकारवाला पक्षलाई शिक्षक तालिम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ।

## ५.३.३ अनुसन्धानको तह

सरकारले अरवौं रुपयाँ लगानी गरेर लामो समयको प्रयास पछि विद्यालयमा कार्यरत दरवन्दीका सवैजसो शिक्षकहरुलाई पूर्ण तालिम दिलाइसकेको भएपनि शिक्षक तालिमको प्रयोगको अवस्था कमजोर रहेको र अपेक्षित शैक्षिक उपलव्धि हासिल हुन नसकेको तितो यथार्थ पाईन्छ। तसर्थ शिक्षक तालिमको प्रयोगका वारेमा थप अनुसन्धान गर्न आवश्यक छ। तालिम प्राप्त शिक्षकले पनि किन अझै पुरानै ढाँचामा शिक्षण गर्छन ?, तालिममा सिकेका

सवै सीपहरुलाई प्रयोग गर्न नसक्नुमा के कुराले भुमिका खेलेको छ ?, के शिक्षक तालिमको प्रयोग हुन नसक्नुमा शिक्षक मात्रै दोषि छन् त ?, शिक्षक तालिमले शैक्षिक गुणस्तरमा कस्तो प्रभाव पार्छ ? र आफूले चाहेर पनि शिक्षकहरुले तालिममा सिकेका सवै ज्ञान, सीप र अनुभवहरुलाई व्यवहारमा किन उतार्न सक्दैनन् ? यस्ता प्रश्नको उत्तर खोज्न यस क्षेत्रमा कार्यरत निकाय, शिक्षक र उच्च तहमा अध्ययनरत विद्यार्थीहरुले अध्ययन अनुसन्धान गर्न जरुरी छ । यो अध्ययनले त्यस्ता अनुसन्धानमा सघाउ पुर्‍याउछ । यस विषयमा अध्ययन, अनुसन्धान वा खोज गर्न चाहने जो कोहिले निम्न सम्भावित शिर्षकमा अनुसन्धान गर्न सकिने छ ।

१) शिक्षक तालिमको प्रयोगले शैक्षिक उपलब्धिमा पारेको प्रभाव ।

२) शिक्षक तालिमको प्रयोगमा प्रभाव पार्ने तत्वहरुको अध्ययन ।

३) शिक्षक तालिमको प्रयोगमा विद्यालयको भूमिका ।

४) तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरुको शिक्षण शैलिको तुलनात्मक अध्ययन आदि ।

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद (२०६२), *शिक्षा सेवा दर्पण* (परिमार्जित संस्करण), बागबजार, काठमाडौंः आशिष पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौंः सनलाइट पब्लिकेशन, कीर्तिपूर ।

खत्री, डम्बरबहादुर (२०६२), *सुर्खेत जिल्लाको प्राथमिक शिक्षक तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव एक अध्ययन,* अप्रकाशित शोधपत्र, एम.एड.दोस्रो वर्ष,सुर्खेत क्याम्पस, सुर्खेत ।

गौतम, पूर्णप्रसाद (२०६७), *प्राथमिक शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको शिक्षणमा प्रयोग,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपूर ।

घिमिरे, जनार्दन (२०६२),*इ.टि.सी. न्यूज लेटर,* सुनसरी : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शैक्षिक जनशक्ति विकाश केन्द्र ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३), *तालिम नीति,* केशरमहलः काठमाण्डौ ।

जोशी, अग्नीराज (२०६६), *तालिम प्राप्त प्राथमिक शिक्षाको कक्षा शिक्षणको अवस्था,* अप्रकाशित शोधपत्र, काठमाडौंः त्रिभुवन विश्वविद्यालय, कीर्तिपूर ।

भण्डारी, विन्दु (२०६७), *तालिमबाट प्राप्त ज्ञान, सीपको शिक्षणमा प्रयोग,* भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

लिम्बू, खड्कबहादुर (२०६८), *कक्षाकोठाको शिक्षणमा शिक्षक तालिम कार्यान्वयनको अवस्था,* अप्रकाशित शोधपत्र, धनकुटाः धनकुटा बहुमुखी क्यामपस ।

शर्मा, चिरञ्जीवि, शर्मा, निर्मला (२०६८), *शिक्षा मनोविज्ञान,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्टिब्युटर्स ।

शर्मा एण्ड शर्मा (२०६७), *शिक्षाको दर्शनसास्त्रीय र समाजसास्त्रीय आधार,* काठमाडौंः एम. के. पब्लिशर्स एण्ड डिस्टिब्यूटर्स ।

शर्मा, सोमनाथ (२०६८), *शिक्षणमा शिक्षक तालिमको प्रयोग,* अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्ग ।

शै.ज.वि.के.(२०६५), *तालिमको प्रभावकारिताकालागि क्षेत्रिय कार्यालयहरुको प्रतिवेदन,* भक्तपुरः लेखक ।

शै.ज.वि.के.(२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* भक्तपुरः लेखक ।

CERID(2003), *Effectiveness study of teacher training*, Kathmandu: Center for research, Education and Development.

DOE (2061), *School Level Educational Statics of Nepal,* Sanothimi, Bhaktapaur : Department of Education.

Khadka, Bhakta Bahadur (2056), *Importance of teacher training in Saikshik Jhalak* , DEO: Bardia.

Malla, Kamal Badan (2054), *Primary Edcuation in Nepal*, Kirtipur: Dean's Office, Faculty Education, T.U. Kirtipur.

अनुसूची १ (क)

# शिक्षक तालिमको प्रयोग

## प्रधानाध्यापकका लागि प्रश्नावली

प्र.अ.को नाम : शैक्षिक योग्यता :

तह/श्रेणी : अनुभव :

विद्यालयको नाम : ................

१. तपाईको विद्यालयमा कतिजना शिक्षक कार्यरत हुनुहुन्छ ?

२. जम्मा शिक्षक मध्ये कति तालिम प्राप्त र कति जना तालिम अप्राप्त शिक्षक हुनुहुन्छ ?

३. तालिम प्राप्त शिक्षकहरूले के कस्तो तालिम लिनु भएको छ ?

४. तपाईले शिक्षकहरूको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ?

५. यदि गर्नु भएको छ भने कति शिक्षकले तालिममा सिकेका ज्ञान, सीप र अनुभवलाई शिक्षणमा प्रयोग गर्नु भएको छ र कतिले प्रयोग गर्नु भएको छैन ?

६. तपाईको विद्यालयमा के कस्ता शैक्षणिक योजनाहरू निर्माण भएका छन् र कार्यान्वयनको अवस्था कस्तो छ ?

७. पूर्व तयारीका साथ शिक्षकको कक्षाकोठामा प्रवेशको अवस्था के कस्तो छ ?

८. के शिक्षण सुधार योजना र पाठनोट निर्माण र प्रयोग गरिन्छन् ?

९. तपाईको विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र सामाजिक अवस्था कस्तो छ ?

१०. तपाईको विद्यालयको शैक्षिक सामग्री, प्रयोगशाला र पुस्तकालयको उपलब्धता के कस्तो छ ?

११. तपाईंको विद्यालयमा तालिम प्राप्त शिक्षकको कक्षा व्यवस्थापन, शै.सा.को प्रयोग, उपयुक्त शिक्षण विधिको उपयोग र मूल्याङ्कन प्रणालीको अवस्था कस्तो छ ?

१२. तपाईले प्रअ. व्यवस्थापन तालिम लिनु भएको छ ? उक्त तालिममा के के कुरा सिक्नु भयो ? कार्यान्वयनको अवस्था कस्तो छ ?

१३. तपाईंको विद्यालयको स्टाफ बैठकमा के कस्ता विषयमा बढि छलफल, अन्तर्क्रिया तथा निर्णयहरू गरिन्छन् ?

१४. तपाई प्रशासनिक कार्य, व्यवस्थापन तथा शैक्षणिक क्रियाकलाप मध्ये कुन पक्षलाई बढी जोड दिनु हुन्छ ?

१५. तपाईको विद्यालयमा शिक्षक तालिमको प्रयोगमा के कस्ता समस्याहरू विद्यमान छन् ?

१६. तपाईको विचारमा शिक्षक तालिमको प्रभावकारी प्रयोगमा देखा परेका समस्याहरू निराकरण गर्ने उपायहरू के के हुन सक्लान् ?

अनुसूची १ (ख)

## शिक्षक तालिमको प्रयोग

## शिक्षकहरूका लागि प्रश्नवली

शिक्षकको नाम : ………………… योग्यता : …….

अनुभव वर्ष : ……… तालिम : प्राप्त/अप्राप्त

विद्यालयको नाम : …………………….. स्थायी/अस्थायी

१. तपाईले कस्तो प्रकारको तालिम लिनु भएको छ ? पूर्वसेवाकालीन / सेवाकालीन

२. सानातिना छोटा अवधिका तालिमहरू लिनु भएको छ ? छ भने कस्ता कस्ता तालिम लिनु भएको छ ?

३. तपाईले तालिमबाट सिकेका ज्ञान, सीप र अनुभवलाई शिक्षणमा प्रयोग गर्नु भएको छ ?

४. तपाईँले लिएको तालिमले शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याएको छ ? छ भने के कस्तो सहयोग पुऱ्याएको छ ?

५. तपाईले शैक्षणिक योजना निर्माण सम्बन्धी, शिक्षण विधि, शै.सा.को प्रयोग, मूल्याङ्कन प्रविधि सम्बन्धी छुट्टाछुट्टै कुनै तालिम लिनु भएको छ ?

६. तपाईले टी.पी.डी. तालिम लिनु भएको छ ?

७. शिक्षणका सन्दर्भमा तपाईको तालिम पूर्व र पछिको अनुभव कस्तो छ ?

८. तपाई दैनिक पाठनोट बनाउनु हुन्छ ?

९. तपाई कस्ता शै.सा. प्रयोग गर्नु हुन्छ ?

क) दृष्य सामग्री ख) श्रव्य सामग्री ग) श्रव्य दृष्य दुवै

१०. तपाईको विचारमा बालमैत्री शिक्षण सिकाइ भन्नाले तलको मध्ये कुन हो ?

क) बालकको रुची, क्षमता, स्तर र आवश्यकताअनुरूपको बालकेन्द्रित शिक्षण सिकाइ ।

ख) शिक्षकको निर्देशनमा दण्ड र सजायसहित विशेष निगरानीमा राखी गरिने शिक्षक केन्द्रित शिक्षण सिकाइ ।

११. तपाई कुन कुन शिक्षण विधि बढी प्रयोग गर्नु हुन्छ ?

क) प्रदर्शन ख) प्रश्नोत्तर ग) छलफल घ) समस्या समाधान

ङ) व्याख्यान च) अवलोकन तथा प्रयोगात्मक

१२. तपाई अहिले कस्तो प्रकारको मूल्याङ्कन प्रणाली प्रयोग गर्दै आउनु भएको छ ?

क) निरन्तर मूल्याङ्कन प्रणाली ख) आवधिक मूल्याङ्कन प्रणाली

ग) दुवै प्रणाली

१३. तपाईले शिक्षण सुधार योजना बनाउनु भएको छ ?

१४. तपाईले विद्यार्थीहरूलाई गृहकार्य तथा परियोजना कार्य दिने गर्नु भएको छ ? कुन कार्य बढी दिनु हुन्छ ?

१५. शिक्षणमा तालिमको प्रभावकारी प्रयोग गर्न के कस्ता समस्या आइपरेका छन् ?

१६. तपाईको शिक्षक स्टाफ बैठकमा के कस्ता विषयमा बढि छलफल हुने गर्छ ?

१७. तपाई तालिमप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

१८. तपाईले आफ्नो इच्छा र आवश्यकता अनुरूपको तालिम पाउनु भएको छ ?

१९. तपाईलाई अब कस्तो प्रकारको तालिमको आवश्यकता छ ?

२० तपाईको विचारमा तालिमलाई प्रभावकारी रूपमा प्रयोग गर्न देखिएका समस्याहरू समाधानका उपायहरू के के हुन सक्छन् ?

अनुसूची १ (ग)

# शिक्षक तालिमको प्रयोग

## वि.व्य.स. अध्यक्षका लागि प्रश्नवली

अध्यक्षको नाम : ………………… योग्यता : …….

अनुभव वर्ष : ………

विद्यालयको नाम : ……………………..

१. विद्यालयको विकासको लागि के कति समय दिँदै आउनु भएको छ ?

२. तपाईको विद्यालयको भौतिक,शैक्षिक,आर्थिक र विद्यालय समुदाय सम्बन्ध पक्ष कस्तो छ?

३. तपाईको विचारमा कुन पक्षमा बढी समस्याहरू रहेका छन् ?

४. के तपाईले शिक्षकहरूको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ?

५. यदि गर्नु भएको भए शिक्षकको तालिमको अवस्था कस्तो छ ?

६. तपाई वि.व्य.स.को बैठकमा कस्ता प्रकारका निर्णयहरू गराउनु हुन्छ ?

७. निर्णयहरू कार्यान्वयनको अवस्था कस्तो छ ?

८. विद्यालयको व्यवस्थापन सम्बन्धी कुनै तालिम वा गोष्ठिमा भाग लिनु भएको छ ?

९. शैक्षिण गुणस्तर अभिवृद्धिमा तापाईका प्रयासहरू के कस्ता रहेका छन् ?

१०. वि.व्य.स. समक्ष शिक्षक विद्यार्थीका गुनासाहरू कत्तिको आउनु गछन् ?

११. विद्यालयको वार्षिक बजेटमा केलाई विशेष प्राथमिकता दिने गर्नु भएको छ ?

१२. तपाईको निरीक्षण अनुगमनमा पठन पाठनमा शिक्षक-विद्यार्थीका के कस्ता कठिनाइहरू रहेका छन् ?

१३. तपाईको अवलोकनमा शिक्षकले शिक्षणमा तालिममा सिकेका ज्ञान, सीप र अनुभवलाई कत्तिको प्रयोग गरेको पाउनु हुन्छ ?

१४. शिक्षणले शिक्षणमा तालिमको अधिकतम प्रयोग गर्न नसक्नुमा के कस्ता कारणहरू रहेका छन् ?

१५. शिक्षक तालिमको प्रयोगमा देखा परेका समस्या समाधानका उपायहरू केके हुन सक्छन् ?

१६. विद्यार्थीको सिकाइ उपलब्धीलाई उच्च बनाउन के के प्रयास गर्नु पर्ला ?

१७. तपाई शिक्षकको पेशागत विकास गर्न केके सुझाव दिनु हुन्छ ?

अनुसूची १ (घ)

# शिक्षक तालिमको प्रयोग

## स्रोतव्यक्तिका लागि प्रश्नवली

स्रोतव्यक्तिको नाम : ..................... शैक्षिक योग्यता : .......

अनुभव वर्ष : ......... स्रोतकेन्द्रको नाम : ........... ...

१. तपाईको स्रोतकेन्द्रमा शिक्षक तालिमको प्रयोगको अवस्था कस्तो छ ?

२. तपाई विद्यालयको अवलोकन सुपरिवेक्षण कति समयको अन्तरालमा गर्नु हुन्छ ?

३. तपाईको सुपरिवेक्षणमा विद्यालयका के कस्ता विषयमा बढी समस्या देखिएका छन् ?

४. उक्त समस्या समाधानमा तपाईको भूमिका कस्तो रहेको छ ?

५. के विद्यालहरूको सुपरिवेक्षणको क्रममा शिक्षकहरूको कक्षा अवलोकन गर्ने गर्नु भएको छ ?

६. तालिममा सिकेका ज्ञान, सीप र अनुभवलाई के कति मात्रामा प्रयोगमा ल्याएका छन्

७. शिक्षकले तालिमको प्रभावकारी कार्यान्वयन गर्न नसक्नुमा के के कारण तथा समस्याहरू रहेका छन् ?

८. तपाईको सुपरिवेक्षणको क्रममा प्र.अ. तथा शिक्षकका के के गुनासाहरू एवं जिज्ञासाहरू आउँछन् ?

९. तपाईको स्रोतकेन्द्र अन्तर्गत के कति शिक्षकहरूले टी.पी.डी. तालिम अन्तर्गत परियोजना कार्य, शिक्षण सुधार योजना निर्माण, मामला अध्ययन तथा कार्यमूलक अनुसन्धान गरेका छन् ?

१०. तालिमको प्रयोगमा देखिएका समस्या समाधानका उपायहरू के के हुन सक्लान् ?

११. उक्त समस्या समाधान गर्न तपाईले के के पहल कसरी गर्नु भएको छ ?

१२. तपाईको स्रोतकेन्द्रका शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गर्न तपाईले के कस्ता योजना तथा रणनीति बनाउनु भएको छ ?

अनुसूची २ (क)

# शिक्षक तालिमको प्रयोग

## कक्षा अवलोकन फाराम

विद्यालयको नाम :

शिक्षकको नाम :

मिति : कक्षा : विषय :

| क.स. | अवलोकनका पक्षहरू | उत्तम | मध्यम | सामान्य | कै. |
|---|---|---|---|---|---|
| १ | कक्षा व्यवस्थापन | | | | |
| २ | शिक्षणका लागि पूर्वतयारीको अवस्था | | | | |
| ३ | विषयवस्तुको प्रस्तुती | | | | |
| ४ | शिक्षण विधिको प्रयोग | | | | |
| ५ | शैक्षिक सामग्रीको निर्माण, छनोट तथा प्रयोग | | | | |
| ६ | शिक्षण सिकाइ क्रियाकलाप | | | | |
| ७ | विद्यार्थी मूल्याङ्कन | | | | |
| ८ | सारांश र निष्कर्ष | | | | |
| ९ | शिक्षण सुधार योजना तयारी र कार्यान्वयन | | | | |

अनुसूची २ (ख)

# शिक्षक तालिमको प्रयोग

## कक्षा अवलोकन रुजुसूची

विद्यालयको नाम :

शिक्षकको नाम :

मिति : कक्षा : विषय :

१. कक्षा व्यवस्थापन

क) कक्षाको उपयुक्त आकार छ ( ) छैन ( )

ख) बसाई व्यवस्थापन U आकार ( ) वृत्ताकार ( ) अन्य ( )

ग) फर्निचर (पर्याप्त / अपर्याप्त) (उपयुक्त / अनुपयुक्त)

घ) हावा वा प्रकाशको पर्याप्तता छ ( ) छैन ( )

ङ) सहज रूपमा विद्यार्थी सिकाइ क्रियाकलाप गर्न सक्ने अवस्था

छ ( ) छैन ( )

च) सरसफाई छ ( ) छैन ( )

छ) बुक कर्नरको व्यवस्था छ ( ) छैन ( )

ज) समावेशी बसाई छ ( ) छैन ( )

झ) झ्याल ढोकाको अवस्था : (उपयुक्त / अनुपयुक्त)

ञ) शैक्षिक सामग्री राख्ने ठाउँ तथा प्रयोगको अवस्था : छ ( ) छैन ( )

ट) सूचना पाटी छ ( ) छैन ( )

ठ) कक्षाको सजावट छ ( ) छैन ( )

ड) सजिलैसँग आवतजावत गर्न सकिने अवस्था छ ( ) छैन ( )

ढ) फोहोर राख्ने भाँडो (डस्टविन) : छ ( ) छैन ( )

२. शिक्षणका लागि पूर्व तयारीको अवस्था

क) पाठयोजनाको निर्माण : छ ( ) छैन ( )

ख) शैक्षिक सामग्री निर्माण, सङ्कलन र खरिद छ ( ) छैन ( )

घ) स्रोतहरूको उपयुक्त व्यवस्थापन छ ( ) छैन ( )

ङ) विषयवस्तुको अध्ययन छ ( ) छैन ( )

च) भौतिक साधनहरूको व्यवस्थापन छ ( ) छैन ( )

३. विषयवस्तुको प्रस्तुती

क) उपयुक्त विषयवस्तुको छनोट गरिएको छ ( ) छैन ( )

ख) विद्यार्थीको ध्यानकर्षण गरिएको छ ( ) छैन ( )

ग) पूर्वपाठको पुनरावलोकन गरिएको छ ( ) छैन ( )

घ) पूर्वज्ञानको पहिचान गरिएको : छ ( ) छैन ( )

ङ) विषयवस्तुको क्रमवद्ध प्रस्तुती गरिएको छ ( ) छैन ( )

च) उपयुक्त उदाहरणको प्रयोग गरिएको छ ( ) छैन ( )

छ) विषयवस्तुको प्रकृति अनुसारको सामग्रीको प्रयोग गरिएको छ ( ) छैन ( )

४. शिक्षण विधिको प्रयोग

क) बालकेन्द्रित शिक्षण विधिको प्रयोग छ ( ) छैन ( )

ख) बालमैत्री व्यवहार गरिएको : छ ( ) छैन ( )

ग) विषयवस्तु अनुरूप उपयुक्त विधिको प्रयोग गरिएको छ ( ) छैन ( )

घ) आवश्यकताअनुसार शिक्षण विधि परिवर्तन गरिएको छ ( ) छैन ( )

५. शैक्षणिक सामग्रीको छनोट तथा प्रयोग

क) उपयुक्त शैक्षिक सामग्री छनोट गरिएको छ ( ) छैन ( )

ख) शिक्षक विद्यार्थी निर्मित शै.सा.को प्रयोग गरिएको छ ( ) छैन ( )

ग) क्रमवद्धरूपमा सामग्री प्रयोग गरिएको छ ( ) छैन ( )

घ) विषयवस्तुको प्रकृतिअनुरूपको शै.सा. प्रयोग गरिएको छ ( ) छैन ( )

६. शिक्षण सिकाइ क्रियाकलाप

क) विद्यार्थीहरूको समूह निर्माण गरिएको छ ( ) छैन ( )

ख) विद्यार्थीको स्तर, उमेर र आवश्यकताअनुसार समूह निर्माण गरिएको छ ( ) छैन ( )

ग) विद्यार्थीमा उत्प्रेरणा जगाउन विभिन्न क्रियाकलाप गरिएको छ ( ) छैन ( )

घ) विद्यार्थी सक्रियता छ ( ) छैन ( )

ङ) विद्यार्थीहरूलाई प्रश्न सोध्ने मौका दिइएको छ ( ) छैन ( )

च) प्रश्न पछि उत्तरका लागि सोच्ने समय दिइएको छ ( ) छैन ( )

छ) शिक्षकले पथप्रदर्शनात्मक भूमिका निर्वाह गरेको छ ( ) छैन ( )

ज) उपयुक्त शैक्षिक सामग्री प्रदर्शन छ ( ) छैन ( )

झ) कमजोर विद्यार्थीलाई बढी अभ्यास गराइएको छ ( ) छैन ( )

ञ) सबैलाई सिक्नका लागि समान अवसर दिइएको छ ( ) छैन ( )

ट) सामुहिक प्रश्न व्यक्तिगत उत्तर लिने गरिएको छ ( ) छैन ( )

ठ) विद्यार्थीहरूलाई प्रदर्शन, समस्या समाधान, प्रयोगात्मक एवं खोजकार्यमा सक्रिय सहभागिता गराउने गरिएको छ ( ) छैन ( )

७. विद्यार्थी मूल्याङ्कन

क) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीअनुरूप मूल्याङ्कन गरिएको छ ( ) छैन ( )

ख) उद्देश्य एवं क्रियाकलापअनुरूप मूल्याङ्कन गरिएको छ ( ) छैन ( )

ग) प्रश्नहरू लिखित तथा मौखिक दुवै रूपमा गरिएको छ ( ) छैन ( )

घ) निरन्तर विद्यार्थी मूल्याङ्कनका मापदण्डअनुसार मूल्याङ्कन गरिएको छ ( ) छैन ( )

ङ) राम्रो उत्तरलाई पुनर्वल प्रदान गरिएको छ ( ) छैन ( )

च) बेठीक उत्तरलाई सच्याउने मौका दिइएको छ ( ) छैन ( )

छ) पृष्ठपोषण प्रदान गरिएको छ ( ) छैन ( )

ज) उपयुक्त गृहकार्य दिने गरिएको छ ( ) छैन ( )

झ) परियोजना कार्य दिने गरिएको छ ( ) छैन ( )

ञ) गृहकार्य दैनिक दिने र जाँच गर्ने गरिएको छ ( ) छैन ( )

ट) गृहकार्य उद्देश्यमूलक, स्तरीय एवं सम्पूर्ण विषय समेट्ने गरी दिने गरिएको छ ( ) छैन ( )

८. सारांश र निष्कर्ष

क) समयमा पाठ पूरा गरेको छ ( ) छैन ( )

ख) पाठको रुचीपूर्ण समाप्ती गरिएको छ ( ) छैन ( )

ग) विषयवस्तुको सारांश प्रस्तुत गरिएको छ ( ) छैन ( )

घ) पाठको मूलमर्म वा निष्कर्ष बताइदिने गरेको छ ( ) छैन ( )

अनुसूची ४

# शिक्षक तालिमको प्रयोग

## लक्षित समूह छलफल निर्देशिका

१. शिक्षक तालिम सम्बन्धी जानकारी

२. शिक्षक तालिमको सैद्धान्तिक अवधारणा

३. शिक्षक तालिमको प्रयोगको अवस्था

४. तालिममा सिकेका कुराहरूको अनुसरण

५. तालिमको प्रयोग हुन नसेकेका कारण र समस्याहरू

६. शिक्षक तालिमको प्रयोगमा आइपरेका समस्या समाधानका उपायहरू

७. सल्लाह तथा सुझाव

अनुसूची ५

# शिक्षक तालिमको प्रयोग

## अध्ययनका लागि छनोट गरिएका शिक्षकहरूको विवरण

| क्र. स | शिक्षकको नाम,थर | विद्यालयको नाम र ठेगाना | शै.यो | अनुभव वर्ष | तालिम | कै. |
|---|---|---|---|---|---|---|
| १ | नरबहादुर भट्टराई | श्री सरस्वती उ.मा.वि.सिंधुवा | बी.एड | २३ | प्राप्त | |
| २ | उपेन्द्र घिमिरे | ,, | उ.म. | २४ | प्राप्त | |
| ३ | भिष्म ब गुरुङ्ग | श्री प्रा.वि. नामजाङ्ग | SLC | २५ | प्राप्त | |
| ४ | धर्मराज काफ्ले | ,, | I.Ed. | १९ | प्राप्त | |
| ५ | गोमा दाहाल | श्री सरस्वती मा.वि. मजुवा | +2 | २० | प्राप्त | |
| ६ | विश्वनाथ काफ्ले | ,, | I.Ed | ९ | प्राप्त | |
| ७ | तीर्थप्रसाद दाहाल | श्री सिद्धदेवी प्रा.वि. परेवादिन | SLC | २७ | प्राप्त | |
| ८ | चन्द्रबहादुर थापा | ,, | M.Ed | ६ | प्राप्त | |
| ९ | रामकृष्ण काफ्ले | श्री भिमेश्वरी नि.मा.वि. | I.Ed | १६ | प्राप्त | |
| १० | विष्णुकुमारी राई | ,, | SLC | ६ | आंशिक | |
| ११ | भरत थोक्लेन | श्री आधारभूत प्रा.वि. | I.A | २ | आंशिक | |
| १२ | केदार गुरागाई | ,, | SLC | १९ | प्राप्त | |
| १३ | चित्र ब थापा | श्री दिव्येश्वरी नि.मा.वि. | B.Ed | २३ | प्राप्त | |
| १४ | चित्रमाया लिम्बू | ,, | I.A | ६ | आंशिक | |
| १५ | हरिप्रसाद दाहाल | श्री महाकाली नि.मा.वि. | I.Ed | ४ | प्राप्त | |
| १६ | षडानन्द दाहाल | ,, | I.A | २४ | प्राप्त | |
| १७ | तेज ब.भण्डारी | श्री सिंहदेवी मा.वि. आहाले | B.Ed | २४ | प्राप्त | |
| १८ | कमला मादेन | ,, | +2 | १५ | प्राप्त | |
| १९ | खड्ग ब लिम्बू | श्री महाजनज्योति प्रा.वि. | SLC | ५ | आंशिक | |
| २० | नोदकुमारी मिश्र | ,, | SLC | ७ | प्राप्त | |

अनुसूची ६

# शिक्षक तालिमको प्रयोग

## अध्ययनका लागि छनोटमा परेका विद्यालय अध्यक्ष तथा प्र.अ.हरूको नामावली

| क्र.स. | विद्यालयको नाम | वि.व्य.स. अध्यक्षको नाम | प्र.अ.को नाम |
|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि. सिंधुवा | ढुण्डीराज थापा | किरणकुमार राई |
| २ | श्री सरस्वती मा.वि. मजुवा | मेहरमान खड्का | देवबहादुर श्रेष्ठ |
| ३ | श्री प्रा.वि. नाम्जाङ्ग | महेन्द्रबहादुर थापा | भिष्म ब गुरुङ्ग |
| ४ | श्री सिद्धदेवी प्रा.वि. परेवादिन | तिलकप्रसाद ओझा | तीर्थ प्र. दाहाल |
| ५ | श्री भिमेश्वरी नि.मा.वि. परेवादिन | लोकेन्द्र चापागाई | ज्ञान प्र. ओझा |
| ५ | श्री दिव्येश्वरी नि.मा.वि. परेवादिन | सुरेन्द्रकुमार लिम्बू | खेल ब लिम्बू |
| ७ | श्री आधारभूत प्रा.वि. अलैंचीबारी | डम्बरसम्शेर लिम्बू | खड्क ब लिम्बू |
| ८ | श्री महाकाली नि.मा.वि. ताम्लीङ्ग | सुरेन्द्रकुमार लिम्बू | कुल ब गुरुङ्ग |
| ९ | श्री सिंहदेवी मा.वि. आहाले | अर्जुन भण्डारी | डम्बर ब भण्डारी |
| १० | श्री महाजनज्योति प्रा.वि. परेवादिन | ईन्द्रबहादुर लिम्बू | खड्ग ब तुम्बाहाङ्फे |

अनुसूची ७

# शिक्षक तालिमको प्रयोग

## शिक्षण सुधार योजनाको ढाँचा

शिक्षकको नाम : ........... विद्यालयको नाम : ....... योजना अवधि .....

| क्र स | सूचक | मौजुदा स्थिति | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गर्नु पर्ने मूख्य कार्य | प्रगति | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | उपलब्धी | कार्य सम्पादन अनुभव | |
| १ | विद्यार्थीको उपलब्धी/प्राप्ताङ्क अध्यापन गर्ने मूख्य तीन विषयहरू<br>कक्षा :..... विषय :...<br>कक्षा :..... विषय :...<br>कक्षा :..... विषय :... | | | | | | |
| २ | स्वमूल्याङ्कनका शिक्षण सामग्रीको प्रयोग र निर्माणको स्थिति न्यूनबाट उच्च तहको दरमा १,२,३,४,५ मा (मापन गर्ने | | | | | | |
| ३ | प्रतिवेदन क्रियाकलाप विवरण तयारी सहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षँणका निमित्त विद्यालय प्र.अ.बाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको १,२,३,४,५ मा मापन गर्ने) | | | | | | |
| ५ | (स्रोतव्यक्ति (प्रशिक्षक) बाट शिक्षक, विद्यालयलाई अनुगमन सहायता एवं शैक्षिक परामर्श सम्पन्न हुने (अर्धवार्षिक रूपमा) पटक | | | | | | |

मिति : ........ शिक्षकको दस्तखत विद्यालयको छाप प्र.अ.को हस्ताक्षर